आ.व. २०८०/०८१ को

# वार्षिक प्रगति प्रतिवेदन



सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम)

केन्द्रीय कार्यालय : वीरेन्द्रनगर-८ आवास क्षेत्र, सर्खेत । फिल्ड कार्यालय : दैलेख र बैतडी

फोन : ०८३-५२२४३७ । इमेल : *info@wam.org.np, wam.skt@gmail.com*

*Website :- www.wam.org.np*

# कार्यसमिति



देवी पौडेल
अध्यक्ष



मञ्जु राना क्षेत्री
उपाध्यक्ष



अमृता कुमारी आचार्य
महासचिव



यामकुमारी लामिछाने
सचिव



माया नेपाली
कोषाध्यक्ष



रुमा थापा
सदस्य



प्रतिमा सुवेदी
सदस्य



रिता गैरे
सदस्य



दिपारानी पंगाली
सदस्य



मधुरानी ढकाल
(कार्यकारी निर्देशक/
संस्थापक अध्यक्ष)

*पुरुषलाई पछि पर्ने होईन हाम्रो चाहना, नारी पुरुष समविकास हाम्रो कामना ।*

# आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन
# आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम

**साधारण सभा आयोजक मुल समिति**

संयोजक : श्री मञ्जुराना क्षेत्री
सदस्य : श्री याम कुमारी लामिछाने
सदस्य : श्री रिता गैरे
सदस्य : श्री मधुरानी ढकाल
सदस्य : श्री हिक्मतबहादुर नेपाली

**वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति**

**सल्लाहकार**

अध्यक्ष : श्री देवी पौडेल
कार्यकारी निर्देशक : श्री मधुरानी ढकाल

**प्रकाशन समिति**

संयोजक : श्री अमृता कुमारी आचार्य
सदस्य : श्री हिक्मतबहादुर नेपाली
सदस्य : श्री विजय कुमार चन्द

**प्रकाशन सहयोगी**

सदस्य : श्री पिंकी गिरी
सदस्य : श्री उमा भट्टराई
सदस्य : श्री हरि देवकोटा
सदस्य : श्री चुडामणी रिजाल

प्रकाशक :
सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम)
वीरेन्द्रनगर-८ आवास क्षेत्र, सुर्खेत

फोन नं : ०८३-५२२४३७
इमेल : **info@wam.org.np,wam.skt@gmail.com**
वेबसाइटः **www.wam.org.np**

प्रकाशन मितिः २०८२, असोज
सर्वाधिकार : प्रकाशक
प्रकाशन प्रतिः १००
मुद्रणः नवदुर्गा छापाखाना, वीरेन्द्रनगर-६ सुर्खेत

# मन्तव्य



देवी पौडेल
अध्यक्ष

सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) समाज जागरण केन्द्र स्याक नेपालको प्रेरणा र सहयोगबाट २०५४ माघ २ गते स्थापना भएको मुनाफारहित गैरसरकारी संस्था हो । समाजमा भएका विकृति, विसंगति, कुरीती, कुसंस्कार, रुढिवादी परम्परा, अन्धविश्वास, महिला माथि हुने हिंसा, लैङ्गिक तथा सामाजिक विभेद न्यूनिकरण गरि सामाजिक, आर्थिक एवं मानविय दृष्टिकोणले पछाडि पारिएका महिलाहरुलाई विभिन्न सिपमुलक, आयमुलक तथा चेतनामुलक क्रियाकलापहरुको माध्यमबाट सवल एवं सक्षम बनाउन संस्था स्थापना गरिएको हो । महिला तथा बालबालिकाहरुलाई एकिकृत गरि उनीहरुको वौद्धिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउन, महिला र पुरुषबिच भएका असमानतालाई पुर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहितको स्वस्थ्य, सुन्दर, स्वावलम्बी र स्वाभिमानि लैङ्गिक समतामुलक समाजको निर्माण गर्ने संस्थाको परिकल्पना रहेको छ ।

'पुरुषलाइ पछि पार्ने होइन हाम्रो कामना, नारी पुरुष समविकास हाम्रो चाहाना' भन्ने मूल नाराका साथ यस संस्थाले महिला, बालबालिका, युवा तथा किशोर किशोरीहरुको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले स्थापनाकालदेखि नै शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, उद्यम, सिमान्तकृत वर्गको अधिकार, मानव अधिकार, विपद् व्यवस्थापन, जनवकालत, मनोसामाजिक सहयोग तथा परामर्श लगाएतका जस्ता क्षेत्रमा कार्यहरु गरिरहेको छ ।

नयाँ संविधान निर्माणपछि राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनु हामी नेपाली महिलाहरुको वर्षौंदेखिको क्रियाशिलता र आन्दोलनको उपज हो । जसलाई हामीले ठूलो उपलब्धी ठानेका छौं । यसले महिलाहरुको स्वाभिमानप्रति ठूलो महत्व राख्दछ । महिलाको अर्थपूर्ण सहभागिताका लागि राज्यसामु दबाब दिनुपर्ने अवस्था पनि छ । त्यसैले संस्थामार्फत महिला, बालबालिका, किशोरकिशोरी, युवा, दलित, जनजाति र पछाडि पारिएका महिलाहरुको अधिकार प्रत्याभूति गर्ने गराउने उद्देश्यले कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं ।

यस संस्थाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार दातृ निकायहरुको सहयोग, सहकार्य र समन्वयमा पछाडि पारिएका समुदायहरुमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ । संस्थाले राखेको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य पुरा गर्नका लागि विभिन्न साझेदार संस्थाहरुको सहयोगमा सुर्खेत जिल्ला भित्रका सबै जसो स्थानीय तहहरुमा कार्य गरेको अनुभव संगालेको छ । सुर्खेतसहित कर्णाली प्रदेशको दैलेख जिल्लामा र सुदुरपश्चिम प्रदेशको बैतडी जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । आज यस संस्थाको २७औ वार्षिक साधारण सभा मनाइरहँदा हामी गौरवान्वित भएका छौ ।

अन्त्यमा यस संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, दातृ निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, संस्थाका सञ्चालक समिति, आजीवन तथा मानार्थ सदस्य, साधारण सदस्य, कर्मचारी र लाभान्वित समुदायका महानुभावहरुलाई संस्थाको तर्फबाट हार्दिक धन्यवाद र निरन्तर सहयोगको अपेक्षा राख्दछु ।

**धन्यवाद** !

# कार्यकारी निर्देशकको मन्तव्य



**मधुरानी ढकाल**
कार्यकारी निर्देशक/
संस्थापक अध्यक्ष

सीमान्तकृत शव्दले आफैमा एउटा महत्वपूर्ण वर्गको प्रतिनिधित्व गर्छ । सीमान्तकृत महिलाहरुका लागिि महिला संस्था (वाम) ले २०५४ सालदेखि सोहि वर्गको उत्थान र विकासका लागि महत्वपूर्ण योगदान गरेको छ। सीमान्तकृत वर्ग र समुदायलाई विकास तथा नेतृत्वको मूलधारमा ल्याउन यस संस्थाले अहोरात्र प्रयासहरु गरेको छ । फलस्वरुप आज तुलनात्मक रुपमा  नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने क्षमता र आत्मनिर्भर हुनेतर्फ पछाडि पारिएको सीमान्तकृत वर्ग लागि परेको छ ।

यस संस्थाले महिला सशक्तिकरणका साथै युवालाई समेत सशक्त बनाउने र नेतृत्वमा ल्याउन विभिन्न जनचेतनामुलक, क्षमता विकास र जीविकोपार्जनसँग सम्बन्धीत कार्यक्रमहरु कर्णाली र सुदुरपश्चिम प्रदेशमा सञ्चालन गर्दै आईरहेको छ। सीमान्तकृत समुदाय, युवा र महिलाहरुको उत्थान बिना समतामुलक समाजको परिकल्पना गर्न सकिदैन्। सीमान्तकृत वर्गमध्ये पनि महिलाको अवस्था दयनिय रहेको छ। आज अधिकार प्राप्तीको अवस्थालाई नियालेर हेर्दा विगत भन्दा केहि बढेको छ। तर, हिंसा पीडितको पहुँच आज पनि जहाँको त्यँहि छ। राज्यका निकायसम्म उनीहरुको सहज पहुँच पुग्न सकेको अवस्था छैन् ।

यस संस्थाले दिगो विकासका लक्ष प्राप्तीमा केहि हदसम्म सहयोग पुऱ्याउन सफल भएको छ। हामी सबैको साझा प्रयासले मात्र न्यायपूर्ण समाज निमार्ण सम्भव छ। सामुदायिक सुरक्षा जालो निर्माणबाट पनि त्यस्ता वर्गलाई न्याय दिलाउन सहयोग गर्दै आएको छ। युवाहरुलाई स्वदेशमै उद्यम वा भनौ व्यवसाय सञ्चालनका लागि संस्थाबाट अनुदान सहयोग प्रदान गर्दै आईरहेका छौँ । यस कार्यमा सफलता दिलाउन हाम्रा साझेदार संस्था अक्सफाम नेपाल, नागरिक आवाज, बियोण्ड बेइजिङ कमिटि, संघीय, प्रदेश र स्थानीय सरकार, सरोकारवाला निकायहरु, अहोरात्र खट्ने कर्मचारी साथीहरु, कार्यसमितिलाई यस अवसरमा धन्यवाद दिन चाहान्छु । संस्थाको २७औं वार्षिक साधारण सभाको यस अवसरमा आउँदै गरेको शुभ दिपावली र छठ पर्वको समेत सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

**धन्यवाद** !

# प्राक्कथन



**अमृता कुमारी आचार्य**
**संयोजक**
वार्षिक प्रगति प्रतिवेदन
प्रकाशन समिति

सीमान्तकृत महिलाहरुका लागि महिला संस्था वामले २६ वर्षदेखि महिला, बालबालिका, युवा तथा किशोर किशोरीहरुको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन गरि कार्य गरिरहेको छ।

संस्थाले आफ्नो स्थापनाकालदेखि नै सुर्खेत, दैलेख लगाएतका जिल्लाको समग्र विकासमा योगदान पुऱ्याउनुका लागि सरकारी तथा गैर सरकारी निकायसँग हाते मालो गर्दै शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सिमान्तकृत वर्गको अधिकार, मानव अधिकार, विपद व्यवस्थापन, जनवकालत, मनोविमर्श जस्ता क्षेत्रमा कार्यहरु गर्दै आइरहेको छ। सधैंका वर्षहरूमा झै यस वर्ष पनि संस्थाले वर्षभरीमा सञ्चालन गरेका गतिविधिहरूलाई समेटी वार्षिक प्रगति पुस्तिका प्रकाशन गरी सरोकारवाला निकायसँग प्रस्तुत गर्ने गरेका छौं।

यस प्रतिवेदनले संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्नुहुने महानुभावहरू सबैको रुचिको विषय हुनेछ भन्ने कुराको आशा लिएको छु। साथै संस्थाबाट निदृष्ट गरेका कार्यक्रमहरू सम्पन्न गर्न निरन्तर प्रयास गर्नुहुने यस संस्थाका विभिन्न तहका कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु।

यस पुस्तक प्रकाशन र अध्ययन पश्चात् यसमा भएका केही गल्ती कमजोरीहरूलाई औंल्याई अगाडि बढ्न मार्ग निर्देशन दिनुहुन अनुरोध गर्दै निरन्तर सुझाव र सल्लाहको अपेक्षा गर्दछु।

**धन्यवाद** !

# विषयसूची


भाग-१

सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वामको) संक्षिप्त परिचय

१.१ परिचय
१.२ संस्थाको कानूनी वैधता
१.३ परिकल्पना (Vision)
१.४ संस्थाको ध्येय (Mission)
१.५ लक्ष्य (Goal)
१.६ मूल्य मान्यता :
१.७ संस्थाको मुख्य उद्देश्यहरु
१.८ संस्थाको लैङ्गिक दृष्टिकोण
१.९ लक्षित वर्ग
१.१० कार्यक्षेत्र
१.११ विषयगत कार्यक्षेत्र
१.१२ संस्थागत आवद्धता
१.१३ सञ्जालमा आवद्धता
१.१४ सामुदायिक विकासप्रतिको सोच
१.१५ संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्यलाई पुरा गर्न तय गरेको कार्यनिति
१.१६ संस्थामा भएका नीति, नियम तथा निर्देशिकाहरु
२.१७ संस्थाको कार्य समितिको बनोट
२.१८ संस्थामा कार्यरत कर्मचारीहरुको विवरण :

भाग-२

संस्थाको आर्थिक वर्ष २०८०/०८१ को प्रगति प्रतिवेदन

२.१ परियोजना अनुसार प्रगति विवरण
२.१.१ Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal
२.१.२ सामुदायिक सुरक्षा जालो Community Safty Net (CSN)
२.१.३ (पीफ) परियोजना Partners' Investment Fund (PIF)

भाग-३

आर्थिक प्रतिवेदन

३.१ कुल बजेट तथा व्यय विवरण र मौज्दात
३.२ आम्दानी र व्ययको विवरण
३.३ लेखा परीक्षण प्रतिवेदन (आर्थिक वर्ष २०८०/०८१)

भाग-४

सफलताको कथा र तस्बिर

४.१ सफलताको कथा र तस्बिर
- कुखरापालन व्यवसायः संघर्षबाट सफलतातर्फ
- कुखुरापालन व्यवसाय लोभलाग्दो आम्दानी
- विदेश जानबाट रोकिनुभयो निर्मलाको श्रीमान
- तस्बिरमा वाम

# भाग-१

## सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वामको) संक्षिप्त परिचय

### १.१ परिचय

सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) समाजमा भएका विकृति, विसंगति, कुरीती, कुसंस्कार, रुढिवादी परम्परा, अन्धविश्वास, महिला माथि हुने हिंसा, लैंगिक तथा सामाजिक विभेद न्युनीकरण गरि सामाजिक, आर्थिक एवं मानवीय दृष्टिकोणले पछाडि पारिएका महिलाहरुलाई विभिन्न सिपमुलक, आयमुलक तथा चेतनामुलक क्रियाकलापहरुको माध्यमबाट सवल एवं सक्षम बनाउन, महिला तथा बालबालिकाहरुलाई एकिकृत गरि उनीहरुको वौद्धिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउन र लैंगिक समानता तथा सामाजिक समावेशीकरण गरि एउटा स्वस्थ्य, सुन्दर, स्वावलम्बी र स्वाभिमानी लैंगिक समतामुलक समाजको निर्माण गर्ने परिकल्पना गरि २०५४ सालमा स्थापना भएको हो ।

***'पुरुषलाइ पछि पार्ने होइन हाम्रो कामना नारी पुरुष समविकास हाम्रो चाहाना'*** भन्ने मूल नाराका साथ यस संस्थाले महिला, बालबालिका, युवा तथा  किशोर किशोरीहरुको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनैतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले हालसम्म शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सिमान्तकृत वर्गको अधिकार,मानव अधिकार, विपद व्यवस्थापन, जनवकालत, मनोविमर्श जस्ता क्षेत्रमा कार्यहरु गरिसकेको अनुभव संगालेको छ । यस संस्थाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृसंस्था, विभिन्न संजाल एवं सहयोग, सहकार्य र समन्वयमा विभिन्न पछाडि पारिएका समुदायहरुमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ ।

संस्थाले राखेको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य पुरा गर्नका लागि विभिन्न साझेदार संस्थाहरुको सहयोगमा सुर्खेत जिल्ला भित्रका सबै जसो स्थानीय तहहरुमा कार्य गरेको अनुभव संगालेको छ । त्यस्तै कर्णाली प्रदेशको दैलेख जिल्लामा र सुदुरपश्चिम प्रदेशको बैतडी जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

### १.२ संस्थाको कानूनी वैधता

- **संस्थाको नाम** : सीमान्तकृत महिलाहरुको लागि महिला संस्था (वाम) वीरेन्द्रनगर-७ इत्राम सुर्खेत
- **दर्ता गर्ने निकाय** : जिल्ला प्रशासन कार्यालय, सुर्खेत
- **संस्था दर्ता मिति** : २०५४ साल माघ २ गते
- **संस्था दर्ता नम्बर** : १२४
- **समाज कल्याण परिषदमा आवद्धता नं.** : ६७०५ दर्ता मिति २०५४ माघ १२ गते
- **स्थायी लेखा नं.**: ३०१६५६२९६

### १.३ परिकल्पना (Vision)

समतामुलक समाजको निमार्ण गर्ने ।

## १.४ संस्थाको ध्येय (Mission)

उपलब्ध श्रोत साधनको प्रयोगद्धारा विभिन्न कार्यक्रमहरु मार्फत लैङ्गिक, समतामुलक समाजको निमार्ण गर्ने ।

## १.५ लक्ष्य (Goal)

आर्थिक, सामाजिक, राजनीतिक एवं मानवीय दृष्टिकोणले पिछडिएको समुदायलाई लैङ्गिक समानताको माध्यमबाट सवल एवं सक्षम बनाउने ।

## १.६ मूल्य मान्यता

- लैङ्गिक समानता
- दिगो विकास
- मानव संसाधन विकास
- मानव अधिकार
- शान्ति र एकता
- भेदभावरहित व्यवहार
- स्वाबलम्बीपन
- सशक्तिकरण
- दबाब र शोषणको अन्त्य
- समान सहभागिता

## १.७ संस्थाको मुख्य उद्देश्यहरु

- महिला सशक्तिकरणका लागि सेवामूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- महिला हिंसा उन्मूलनका लागि सक्रिय सहभागितामूलक भूमिका निर्वाह गर्ने ।
- नीति निर्माण तहमा महिलालाई प्रोत्साहन गर्ने ।
- महिला तथा बालबालिकाको हक अधिकारका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- महिलाहरुको स्वास्थ्य अवस्था सुधार्न स्वास्थ्य, सरसफाइ र खानेपानी आपूर्ति कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- सहयोग र अधिकारमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।
- द्वन्द्व व्यवस्थापन, शान्ति निर्माण, प्राकृतिक प्रकोप सहयोग, हिंसा उन्मूलन कार्यक्रम आदि सञ्चालन गर्ने ।
- आयआर्जन, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने, महिलाको सामाजिक-आर्थिक अवस्था सुधार गर्ने आदि ।

## १.८ संस्थाको लैङ्गिक दृष्टिकोण

- विभिन्न प्रकारका निर्णयात्मक पदमा महिलाहरु स्वनिर्भर रुपमा विभिन्न निकायहरुमा आवद्ध गर्ने ।

- महिलाहरुले पुरुष सरह शैक्षिक, राजनीतिक, सामाजिक रुपमा समान अवसर पाउनुपर्ने ।
- समान अधिकार र समान अवसरका लागि महिला पुरुषलाई समान कार्य गरिनुपर्ने ।
- सम्पत्तिमा समान अधिकार हुनुपर्दछ ।
- महिला माथि क्रुर, दमन र हिंसा आदि रोकिनुपर्दछ ।
- पितृसत्ताको अन्त्यको साथै समावेशी सत्ता कायम हुनुपर्ने ।

### १.९ लक्षित वर्ग

महिला (दलित, जनजाति, अपांगता भएका, एकल महिला) बालबालिका, द्वन्द्वपिडित, युवा तथा किशोर किशोरी, एचआईभी संक्रमित, लैंगिक अल्पसंख्यक, अति विपन्न, सीमान्तकृत वर्ग ।

### १.१० कार्यक्षेत्र

| प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|
| कर्णाली प्रदेश (१० वटै जिल्ला) | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका<br>बराहताल गाउँपालिका |
| | दैलेख | डुङ्गेश्वर गाउँपालिका<br>भगवतीमाई गाउँपालिका |
| सुदुरपश्चिम प्रदेश | बैतडी | पाटन नगरपालिका<br>दशरथचन्द नगरपालिका |

### १.११ विषयगत कार्यक्षेत्र

- शिक्षा/स्वास्थ्य
- सशक्तिकरण
- नेतृत्व विकास
- विपद व्यवस्थापन
- मनोविमर्श, काननी सहायता
- शान्ति प्रवर्द्धन तथा द्वन्द व्यवस्थापन
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- मानव बेचबिखन प्रभावितहरूको राष्ट्रिय महासंघ

**१.१२ संस्थागत आवद्धता**

- जिल्ला प्रशासन कार्यालय,वीरेन्द्रनगर ,सुर्खेत
- समाज कल्याण परिषद, काठमाण्डौ ।

**१.१३ सञ्जालमा आवद्धता**

- गैसस महासंघ, सुर्खेत
- जेण्डर एलायन्स सुर्खेत/काठमाडौं
- महिला मानवअधिकार रक्षक सञ्जाल
- शान्तिका लागि सहकार्य
- स्वास्थ्य अधिकार तथा सुर्तिजन्य जिल्ला सञ्जाल
- शिक्षाका लागि राष्ट्रिय अभियान
- संकल्प
- जिल्ला विपद् व्यवस्थापन समिति
- जिल्ला खाद्य अधिकार सञ्जाल
- महिला तथा बालबालिका अधिकार सञ्जाल
- वियोण्ड बेइजिङ कमिटी कर्णाली प्रदेश संयोजक
- मानव अधिकार रक्षक सञ्जाल
- बाल अधिकारका लागि साझा अभियान
- मानव बेचबिखन प्रभावितहरूको राष्ट्रिय महासंघ

**१.१४ सामुदायिक विकासप्रतिको सोच**

- सामाजिक विकास
- आर्थिक विकास
- शैक्षिक विकास
- नेतृत्व सीप विकास
- सांस्कृतिक विकास
- राजनीतिक विकास
- भौतिक विकास
- स्वास्थ्य समाजको विकास अधिकार सम्पन्न र कर्तव्यनिष्ठ समाज

**१.१५ संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्यलाई पुरा गर्न तय गरेको कार्यनिति**

- संस्थाले महिलाविरुद्ध हिंसालाई न्युनीकरण गर्ने अभियानमा अन्य संघ संस्था तथा समुदाय र सरोकारवालाहरुको समन्वय तथा सहयोगबाट विभिन्न घटनाहरुमा पैरवी तथा दबावमुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- समुदाय तहमा घटित घटनाहरुमा समुदायलाई जिम्मेवारी बोध गराई घटना घटन नदिन चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बालविबाह न्युनिकरणका अभियानमा अभिभावक र समुदायलाई अग्रसर गराउने ।
- समुहको माध्यमबाट समुदायमा च्भाभिअत :यमगभि बाट समस्या पहिचान र उपायहरु आफै पत्ता लगाउन

र पैरवी गर्न चेतना अभिवृद्धि गर्ने ।

- स्थानीय रुपमा महिला सशक्तिकरणका लागि स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुको नीतिका बारेमा जानकारी गराई समुदायलाई आफै जागरुक गराउने ।
- यस संस्थाको वार्षिक सामाजिक लेखापरिक्षणमार्फत संस्थालाई पारदर्शी र जवाफदेही रुपमा प्रस्तुत गराउने ।
- जिल्ला तथा राष्ट्रियस्तरका सञ्जालहरुमा सहभागी भई समूहहरुमा दवाबमुलक अभियान सञ्चालन गर्न ।

**१.१६ संस्थामा भएका नीति, नियम तथा निर्देशिकाहरु**

१. संस्थाको विद्यान

२. रणनीतिक योजना **(2024-2028)**

३. विपद् व्यवस्थापन पूर्वतयारी योजना **(DPP)**

४. आर्थिक व्यवस्थापन नीति **(Financial Management Policy)**

५. मानव संशाधन व्यवस्थापन नीति **(HR Management Policy)**

६. खरिद नीति **(Procurement Policy)**

७. लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण नीति **(GEDSI policy)**

८. सुरक्षा नीति **(Safeguarding Policy)**

९. पैरवी नीति **(Advocacy Policy)**

१०. लागत बाँडफाँड तथा साझेदारी नीति **(Cost sharing and partnership policy)**

११. **Good governance and anti-fraud policy)**

१२. लैङ्गिक हिंसा पीडित, प्रभावितलाई सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशीका **(Guideline for providing assistance to victims affected of gender violence)**

१३. अनुगमन तथा मुल्यांकन नीति **(Monitoring and evaluation policy)**

१४. यौनजन्य शोषण तथा दुर्व्यवहार विरुद्धको नीति **(Policy on Preventing Sexual Exploitation and Abuse)**

**२.१७ संस्थाको कार्य समितिको बनोट :**

कार्यसमिति संस्थाको कार्यकारी अंग हो । सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेतको संस्थागत विकास, संस्थागत व्यवस्थापन, संस्थाले तय गरेको कार्यक्रम तथा संस्थाद्धारा सञ्चालित परियोजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, सञ्चालन र व्यवस्थापनका लागि संस्थाको विधानको परिच्छेद ४ को दफा १३ अनुसार ९ जनाको कार्य समितिको गठन गरिएको छ । उक्त कार्य समितिको चयन विधानमा उल्लेख भए बमोजिम प्रत्येक ३ बर्षमा हुने साधारण सभा तथा अधिवेशनबाट निर्वाचन तथा सर्वसम्मत विधिबाट चयन गर्ने गरिएको छ । यसरी कार्य समिति चयन हुने प्रक्रियाअनुसार वि.स. २०७९मा सम्पन्न २५औं साधारण सभा तथा अधिवेशनबाट अध्यक्ष सहित ९ जनाको कार्य समिति चयन भएको छ । ९ जना कार्यसमितिको विवरण तालिकामा देखाइए अनुसार रहेको छ ।

**तालिका नं. १ : संस्थाको कार्य समिति पदाधिकारीहरुको विवरण**

| सि.न. | पदाधिकारीको नाम | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | देवी पौडेल | अध्यक्ष | वीरेन्द्रनगर-८, सुर्खेत | |
| २ | मञ्जुराना क्षेत्री | उपाध्यक्ष | वीरेन्द्रनगर-७ सुर्खेत | |
| ३ | अमृता कुमारी आचार्य | महासचिव | वीरेन्द्रनगर-७ सुर्खेत | |
| ४ | यामकुमारी लामिछाने | सचिव | वीरेन्द्रनगर-१२ सुर्खेत | |
| ५ | माया नेपाली | कोषाध्यक्ष | वीरेन्द्रनगर-८ सुर्खेत | |
| ६ | रुमा थापा | सदस्य | वीरेन्द्रनगर-१२ सुर्खेत | |
| ७ | दिपारानी पंगाली | सदस्य | वीरेन्द्रनगर-११ सुर्खेत | |
| ८ | प्रतिमा सुवेदी | सदस्य | वीरेन्द्रनगर-III सुर्खेत | ९८४८०३८५४१ |
| ९ | रिता गैरे | सदस्य | वीरेन्द्रनगर-७ सुर्खेत | |

**२.१८ संस्थामा कार्यरत कर्मचारीहरुको विवरण**

| सि.न. | पदाधिकारीको नाम | पद | कार्यक्षेत्र | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | मधुरानी ढकाल | कार्यकारी निर्देशक | सुर्खेत | ९८४८१६३७०० |
| २ | पिंकी गिरी | परियोजना संयोजक | सुर्खेत | ९८४८०६८४३५ |
| ३ | हिक्मतबहादुर नेपाली | सञ्चार तथा अभिलेखीकरण अधिकृत | सुर्खेत | ९८५८०३२८३३ |
| ४ | विजयकुमार चन्द | प्रशासन तथा बित्त अधिकृत | सुर्खेत | ९८४८०२८९२४ |
| ५ | जयराम बि.क. | फिल्ड अधिकृत | बैतडी | ९८४८७३५२३९ |
| ६ | चुडामणी रिजाल | जेसी अधिकृत | दैलेख | ९८४८१५९७९९ |
| ७ | उमा भट्टराई | मनोसामाजिक परामर्शकर्ता | सुर्खेत | ९८६८००२४७७ |
| ८ | प्रेम प्रकाश खत्री | अनुगमन तथा मुल्यांकन सहायक | सुर्खेत | ९८६८२२८९२३ |
| ९ | हरि देवकोटा | प्रशासन तथा लेखा सहायक | सुर्खेत | ९८४८२३३४१९ |
| १० | पार्वती भुल | युवा सहजकर्ता | बैतडी | ९८४८७४६१५२ |
| ११ | सिता सिंह | युवा सहजकर्ता | दैलेख | ९८६९४४२२६१ |
| १२ | सुनिता थापा | उद्यम विकास सहजकर्ता | दैलेख | ९८४८१२७१४३ |
| १३ | मिना रेग्मी | उद्यम विकास सहजकर्ता | दैलेख | ९८६९७०५७५३ |
| १४ | सन्तोषदत्त भट्ट | उद्यम विकास सहजकर्ता | बैतडी | ९८६९८४८९२६ |
| १५ | लिला भट्ट | उद्यम विकास सहजकर्ता | बैतडी | ९८६५६५१८८४ |
| १६ | मानकुमारी ढकाल | कार्यालय सहयोगी | सुर्खेत | ९८४८०३२१५० |

# भाग-२
## संस्थाको आर्थिक वर्ष २०८०/०८१ को प्रगति प्रतिवेदन

**यस सभाका सभाध्यक्षज्यू,**
**प्रमुख अतिथिज्यू,**
**मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यूहरु,**

कार्यसमिति, लेखा समिति तथा विभिन्न उपसमितिका पदाधिकारी तथा संस्थाका सदस्य ज्यूहरु, उपस्थित सम्पूर्ण महानुभावहरु तथा कर्मचारी ज्यूहरु ! यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन ।

यस संस्थाले समतामुलक समाजको निर्माण गर्ने परिकल्पना लिएर उपलब्ध श्रोत साधनको अधिकतम प्रयोगद्धारा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । विगत २७ वर्षदेखि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्रियाकलाप सञ्चालन गर्दै आफ्नो लक्ष्य उद्देश्य अनुसार सेवा सुविधाबाट पछाडि पारिएका सीमान्तकृत महिला बालबालिका किशोरकिशोरहरुसँग रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन वातावरण सिर्जना गर्दै आएको छ । यस संस्थाले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सहयोग, समन्वय र सहकार्यमा विभिन्न चेतनामुलक तथा अधिकारमुलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

सीमान्तकृत वर्गका लागि आवाज उठाउँदै आइरहेको यस संस्थाको २७औं वार्षिक साधारणसभा आज सम्पन्न गर्न गईरहेको यस अवसरमा हामी गौरवान्वित भएका छौं । संस्थागतरुपमा लामो समयको अनुभव प्राप्त गरिसकेको संस्थाले पछाडि पारिएका वर्गहरूको आवाजलाई सरोकारवालाहरुसम्म पुऱ्याउन विभिन्न क्रियाकलापहरु गर्दै आइरहेको छ । महिलाहरूको विभिन्न क्षेत्रको सहभागिता लगायत राजनीतिमा महिला सहभागितालाई महत्वपूर्ण ठान्दै वर्तमान परिवेशमा संघीयतामा समेत महिलाहरूलाई राजनीतिक क्षेत्रमा अग्रसर गराउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विभिन्न क्षेत्रमा पछाडि परेका महिलाहरुका लागि आर्थिक, सामाजिक राजनीतिक तथा स्वास्थ्य क्षेत्रमा महिलाहरुको अवस्थालाइ समेत सुधार ल्याउन विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ ।

यस संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, दातृ निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, संस्थाका सञ्चालक समिति, आजीवन तथा मानार्थ सदस्य, साधारण सदस्य, कर्मचारी र लाभान्वित समुदायका महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै अब म आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न गइरहेको छु ।

## २.१ परियोजना अनुसार प्रगति विवरण

### २.१.१ Youth led GESI initiatives for COVID recovery strategies and a ction in Nepal

| | |
|---|---|
| **परियोजना/कार्यक्रमको नाम** | **Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal** (नेपालमा कोभिड पुन : स्थापना रणनीति र कार्यहरूको लागि युवा नेतृत्वको लैंगिक समावेशीकरणमा पहल) |
| **आर्थिक सहयोग** | युरोपियन युनियन र अक्सफाम |
| **कार्यक्षेत्र** | **कर्णाली प्रदेश,**<br>दैलेख :- डुङ्गेश्वर गाउँपालिका र भगवतीमाई गाउँपालिका<br>**सुदुरपश्चिम प्रदेश,**<br>बैतडी :- दशरथचन्द नगरपालिका र पाटन नगरपालिका |
| **अवधी** | अप्रिल २०२२ देखि नोभेम्बर २०२४ सम्म |
| **लक्षित समुह/वर्ग** | १६ देखि ३० वर्ष उमेर समुह/सीमान्तकृत युवा |
| **लाभान्वित संख्या** | **७२४ जना** |

**बजेट**

| पहिलो वर्ष बजेट | दोस्रो र तेस्रो वर्षको बजेट |
|---|---|
| **७३,२२,७०६** | २,७७,७४,५५३ |

**परियोजनाको मुख्य उद्देश्य :**
नेपालमा कोभिड- १९ पश्चात्को पुर्नस्थापनाका लागि युवाहरूको नेतृत्वमा लैङ्गिक समानता र विकास प्रक्रियाहरूमा समावेशीकरण प्रवर्द्धन गर्ने । ***(To promote youth-led gender equality and inclusion in development processes in the post-COVID recovery of***

**आउटपुटहरु**
**आउटपुट ३:** सेवा प्रदायकहरू प्रहरी, अदालत, सेफहाउस, मनोसामाजिक सल्लाहकारहरू र स्थानीय सरकारको क्षमता निर्माण गर्दै GBV केन्द्रित र युवामैत्री सेवाहरू प्रदान गर्ने ।
**आउटपुट ४:** पालिका स्तरको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउनको लागि सहयोग गर्ने ।
**आउटपुट ५:** दिगो व्यवसायको विकास गर्न युवाहरूमाझ वित्तीय क्षमतालाई बलियो बनाउने ।
**आउटपुट ६:** प्राविधिक र वित्तीय अवसरहरूमा युवा र महिलाको पहुँच सुधार गर्न स्थानीय सरकार, वित्तीय संस्था र सहकारीहरू संग सम्पर्क समन्वय र सम्बन्ध बिस्तार गर्ने चेतना बृद्धि गर्ने ।

**जुलाई २०२३ देखि सेप्टेम्बर २०२४ सम्म सम्पन्न क्रियाकलापहरु:**

| **क्र.स** | **कार्यक्रमको नाम** | **सञ्चालन भएको स्थान** | **परिमाण** | **सहभागी संख्या** |
|---|---|---|---|---|
| १ | मुख्य मामला व्यवस्थापन टोली, **CRMC,** अत्यावश्यक सेवा प्याकेज, **SRHR** सेवाहरू र युवा मैत्री सेवाहरूको स्थापनामा कर्तव्य वाहकहरू, सेवा प्रदायकहरूसँग लबिङ बैठक र कार्यशाला र सम्मेलन | गाउँपालिका कार्यालय | २ वटा | ३१ जना |
| २ | लैङ्गिक हिंसा पीडितहरुलाई कानुनी उपचार मा सहयोग | दैलेख र बैतडी जिल्लाभरी | | १९ जना |
| ३ | दिवसीय कार्यक्रम | परियोजना लागू भएका जिल्ला र पालिकामा | ११ वटा | |
| ४ | परियोजना सल्लाहकार समितिसंग समन( वयात्मक बैठक | दैलेखको भगवतीमाई र डुङ्गेश्वर गाउँपालिका | २ वटा | ६० जना |
| ५ | लैङ्गिक हिंसा मामला व्यवस्थापन गर्न, सेवा प्रदायकहरुको लागी आचारसंहिता कार्यशाला | दैलेखको भगवतीमाई र डुङ्गेश्वर गाउँपालिका बैतडीको पाटन र दशरथचन्द नगरपालिका | ४ वटा | ११८ जना |
| ६ | स्वास्थ्य संस्थामा युवा तथा किशोर किशोरीमैत्री कर्नरलाई थप सामाग्री सहयोग | डाँडापराजुल स्वास्थ्य चौकी डुङ्गेश्वर गाउँपालिका-५,दैलेख, जोशीबुड्का स्वास्थ्य चौकी दशरथचन्द नगरपालिका-९बैतडी । | ३ वटा | हालसम्म ८३ जनाले सेवा लिएको |
| ७ | युवा विशेष गरी सीमान्तकृत समूह, महिला, अपांगता भएका व्यक्ति र लैङ्गिक अल्पसंख्यक आदिका लागि डिजिटल वित्तीय साक्षरता अभिमुखीकरण | डुङ्गेश्वर गाउँपालिका र बैतडीको दशरथचन्द र पाटन नगरपालिका | ३ वटा | ७५ जना |
| ८ | तेस्रो पक्षीय वित्तिय सहयोग **(FSTP)** पाएका युवा उद्यमीहरुलाई आधारभुत ३ दिने उद्यमशिलता सीप विकास तालीम | दैलेख र बैतडी | २ वटा | ३६ जना |

| | | | | |
|---|---|---|---|---|
| ९ | व्यावसाय सुरु गर्न युवाहरुलाइ तेस्रो पक्षिय आर्थिक सहयोग (१० व्यावसाय मोडेल) | दैलेख र बैतडी | | ३१ जना |
| १० | नगरपालिका (गाउँको विकास संयन्त्र/ नगरपालिका योजना), स्थानीय वित्तीय संस्था, सहकारी, युवा किशोरीसँग FNCCI, संसाधन र प्राविधिक सहयोगका लागि युवाहरूबीच लबिङ र सहजीकरण | दैलेखको भगवतीमाई र डुङ्गेश्वर गाउँपालिका बैतडीको पाटन र दशरथचन्द नगरपालिका | | ९९ जना |
| ११ | स्थानीय सहकारी र बैंक, बीमा समुह र सरकार जस्ता वित्तीय संस्थाहरुसँग कार्यशाला र अन्तरक्रिया बैठक | डुङ्गेश्वर गाउँपालिका र दशरथचन्द नगरपालिका | ३ वटा | १४५ जना । |
| १२ | व्यवसायीहरुका लागि अवलोकन भ्रमण | पाल्पा, पोखरा, बुटवल, दाङ | १ वटा | २७ जना |

**बजेट खर्चको अवस्था**

| पहिलो वर्ष जम्मा बजेट खर्च | दोस्रो र तेस्रो वर्ष सेप्टेम्बर २०२४ सम्म |
|---|---|
| ५७,९८,८०१.५६ | २,२७,६१,६०४.५० |

## मुख्य उपलब्धी

१) दैलेख र बैतडीमा २ वटा युवा तथा किशोर किशोरीमैत्री परामर्श सेवाका लागि स्थापना भएको हेल्थ कर्नरमा अपाङ्गमैत्री र महिलामैत्री बनाउन आवश्यक सामाग्री सहयोग र संरचना निर्माण पश्चात सेवा प्रवाह र सेवा प्राप्ती सहज भएको छ ।

२) हेल्थ कर्नर बाट ९० भन्दा बढी युवा, किशोरकिशोरीहरुले आफ्नो समुदायमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार र मनोसामाजिक परामर्श सेवाहरु प्राप्त गरेका छन् ।

३) बैतडी र दैलेख दुबै जिल्लाका ३१ जना युवाले तेस्रो पक्षिय बित्तीय सहयोग (FSTP) अर्न्तगत सक्रिय रुपमा व्यवसाय संचालन गरि मनग्य आम्दानी गरिरहेका छन् ।

४) बित्तिय साक्षरता कक्षाका १०१ जना भन्दा बढि सदस्यहरुले आफ्नै लगानीमा व्यवसाय सञ्चालन गर्न थालेका छन् ।

५) बित्तिय साक्षरता कक्षाका सदस्यहरुको सार्वजनिक कार्यक्रमहरुमा बोल्न सक्ने, निर्णय लिने र नेतृत्व गर्ने क्षमतामा बृद्धि भएको छ ।

६) बित्तिय साक्षरता कक्षाका सहभागिहरुले वित्तिय साक्षरतापछि आफ्नो र आफ्नो परिवारको अनावश्यक/ फजुल खर्चमा नियन्त्रण गर्न थालेका छन् । यसले उनीहरुको बचत गर्ने बानीको विकास बढाएको छ ।

७) जेसी नीति निर्माण पछि गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा स्थानीय तहहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा विनियोजन हुने बजेट बढाएका छन् ।

८) स्थानीय बैंक तथा बित्तिय संस्था र सहकारी संस्थासँगको अन्तरक्रिया पश्चात बैतडी र दैलेख दुबै

जिल्लाका ३१० जना युवाहरुले सहकारी तथा बैंकमा खाता खोली आर्थिक कारोबार गरी रहेका छन् ।
९) तेस्रो पक्षिय बित्तीय सहयोग पाएका ३१ जनामध्ये २६ जनाले व्यावसाय दर्ता गरिसकेका छन् ।
१०) सेवा प्रदायक निकायलाई युवा तथा लैङ्गिक केन्द्रित सेवा प्रवाहका विषयमा विभिन्न लबी बैठक, कार्यशाला, तालिम लगाएतका क्रियाकलापद्धारा क्षमता विकास हुनुका साथै सहज सेवा प्रवाहमा वृद्धि भएको छ ।
११) गत जुलाई २०२३ देखी हालसम्म दैलेख र बैतडीका १९ जना लैङ्गिक हिंसा पीडितहरुले कानूनी उपचार सहायताका लागि आर्थिक सहयोग प्राप्त गरेका छन् ।
१२) यौन तथा लैङ्गिक हिंसा मामला व्यवस्थापन गर्न, सेवा प्रदायकहरुको लागी आचारसंहिता निर्माण गरी पीडितहरुलाई तत्काल र सहज रुपमा सहयोग प्रदान गर्न सहज भएको छ ।
१३) लैङ्गिक हिंसा पीडितलाई सहयोगको लागि जिल्ला अस्पताल बैतडीको ओसीएमसीसँगको सम्झौता भई सहयोग प्रदान गर्न सहज भएको छ भने हिंसा पीडितलाई सहयोग प्राप्तीमा पहुँच स्थापित भएको छ ।
१४) पारिवारिक, आर्थिक जस्ता कारणले पढाईलाई निरन्तरता दिन नसकेका ३ जनाले बित्तिय साक्षरता कक्षामा सहभागि भईसकेपछि पढाईलाई निरन्तरता दिएका छन् ।
१५) व्यावसाय सुरु गरेका युवाहरुले समुदायका अन्य युवाहरुलाइ पनि सीप सिकाउने र आफ्नो व्यवसायमा रोजगारी समेत दिन थालेका छन् ।
१६) बेरोजगारीको समस्या झेलीरहेका युवाहरु तेस्रो पक्षिय बित्तीय सहयोग पाएपछि विदेशको यात्रा रोकेर स्थानीय स्तरमै व्यवसाय सञ्चालन गरि घरपरिवारको साथमा मनग्य आम्दानी गरिरहेका छन् ।

### २.१.२ सामुदायिक सुरक्षा जालो Community Safty Net (CSN)

| | |
|---|---|
| **परियोजना/कार्यक्रमको नाम** | सामुदायिक सुरक्षा जालो ऋृयmmगलष्तथ क्बातथ ल्भत ९ऋक्ल० |
| **आर्थिक सहयोग** | नागरिक आवाज ललितपुर, नेपाल |
| **कार्यक्षेत्र** | **सुर्खेत**<br>-वीरेन्द्रनगर नगरपालिका<br>-बराहताल गाउँपालिका |
| **अवधी** | २ वर्ष ६ महिना<br>(जनवरी २०२३ देखि जुन २०२५ सम्म) |
| **लक्षित समुह/वर्ग** | -विपद्मा परेका महिला तथा बालबालिका<br>-सीमान्तकृत महिला तथा बालबालिका |
| **लाभान्वित संख्या** | **१२९४ जना** |
| **बजेछ** | **५०,००,०००।-** |

**परियोजनाको परिचय**

सामुदायिक सुरक्षा जालो **(Community Safty Net-CSN)** परियोजनाले बलियो सामुदायिक सञ्जालहरू निर्माण गरेर समुदायहरूलाई उनीहरूको आफ्नै सुरक्षा र सुरक्षा चुनौतीहरू सम्बोधन गर्न सशक्त बनाएर हिंसा, जोखिम र असुरक्षाका घटनाहरूलाई कम गर्ने लक्ष्य राखेको छ। यसले द्वन्द्व समाधान र मध्यस्थताका लागि तालिम र सहयोग प्रदान गर्ने, सामुदायिक पहलहरूलाई सुदृढ गर्ने, न्याय र कानूनी सेवाहरूमा पहुँच सुधार गर्ने लक्ष्य राखेको छ। यस परियोजनाले वातावरणीय शान्ति प्रर्वद्धन, खाद्य सुरक्षा र सामुदायिक कल्याणमा वृद्धि, हिंसा, जोखिम र सुरक्षाका घटनाहरूलाई न्यूनीकरण गर्नेछ। परियोजना प्राकृतिक प्रकोप र मानव निर्मित प्रकोपसँग सम्बन्धित विपद्मा केन्द्रित छ।

**कार्यक्रमको उद्देश्य**

- सामुदायिकस्तरमा सामुदायिक सुरक्षा जालोको अवधारणामा अभिमुखीकरण र समुदायस्तरमा अवधारणाको प्रयोग र सशक्तिकरण।
- विभिन्न प्रकारका प्राकृतिक, सामाजिक र मानव निर्मित प्रकोपबाट पीडित र पीडित हुने उच्च जोखिममा रहेका परिवार र समुदायलाई अति आवश्यक राहत सहयोग उपलब्ध गराउने।
- पीडित तथा विभिन्न किसिमका विपद्बाट प्रभावितहरूलाई आघात र पीडाबाट बाहिर निकाल्नका लागि आवश्यकता अनुसार सेवा प्रदान गरी मनोसामाजिक कल्याणका बारेमा चेतना जगाउने।
- महिला र अन्य सामाजिक रूपमा उपेक्षित, सीमान्तकृत र बहिष्कृत व्यक्ति, परिवार, समूह र समुदायका लागि समस्याहरुको सम्बोधन गर्न सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सम्पर्क स्थापना गर्ने, जसका लागि सामूहिक आवाज, नारीवादी नेतृत्व विकास र राजनीतिक सशक्तिकरणमा जोड दिने।
- जिल्लामा रहेका विपद् व्यवस्थापन सम्बन्धी विभिन्न समिति, स्थानीय सरकार तथा विपद् व्यवस्थापनमा कार्यरत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरी विपद् न्यूनीकरण तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन योगदान पुऱ्याउने।

**परियोजनाका सम्पन्न क्रियाकलापहरु**

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन भएको स्थान | परिमाण | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | समुदाय स्तरिय मनोसामाजिक हेरचाहा सम्बन्धि अभिमुखिकरण | बराहताल गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका | १४ वटा | ३९७ जना |
| २ | विद्यालय स्तरिय मनोसामाजिक हेरचाहा सम्बन्धि अभिमुखिकरण | बराहतालगाउँपालिका र वीरेन्द्रनगर नगरपालिका | ३ वटा | २०५ जना |
| ३ | महिला हिंसा बिरुद्धको १६ दिने अभियान | वीरेन्द्रनगर नगरपालिका | २ वटा | १०९ जना |
| ४ | विपत् व्यवस्थापन सम्बन्धि ३ दिने तालिम | वीरेन्द्रनगर नगरपालिका | १ वटा | २५ जना |

| | | | | |
|---|---|---|---|---|
| ५ | मनोसामाजिक हेरचाहा सम्बन्धि ३ दिने तालिम | वीरेन्द्रनगर नगरपालिका | १ वटा | २५ जना |
| ६ | बिद्यालय स्तरिय लागुऔषध दुर्व्यसनि सम्बन्धि अभिमुखिकरण | शिब माबि लाटिकोईली, वीरेन्द्रनगर नगरपालिका | १ वटा | ६२ जना |
| ७ | सूचनाको हक सम्बन्धि अभिमुखीकरण | जिल्ला बाल संगठन सुर्खेत | १ वटा | २५ जना |
| ८ | हिंसा प्रभावितहरुका लागि कानूनी सचेतना कार्यक्रम | वीरेन्द्रनगर नगरपालिका | १ वटा | ६२ जना |
| ९ | वीरेन्द्रनगर नगरपालिका स्तरिय संजालको त्रैमासिक बैठक | वीरेन्द्रनगर नगरपालिका | ४ वटा | ४५ जना |
| १० | विद्यालय स्तरिय विपत् व्यबस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम | बराहताल गाउपालिका र वीरेन्द्रनगर नगरपालिका | ३ वटा | १८० जना |
| ११ | संस्थाको कार्यसमिति र कर्मचारी संयुक्त बैठक | वाम सुर्खेत | २ पटक | २९ जना । |
| १२ | कर्मचारीहरुको मासिक बैठक | वाम सुर्खेत | ७ पटक | ८५ जना |
| १३ | रेडियो कार्यक्रम सञ्चालन | जागरण एफ.एम. सुर्खेत | १४ अंक | रेडियोको पहुँच पुग्ने क्षेत्रका बासिन्दा |
| १४ | दिवसीय कार्यक्रम | परियोजना कार्यान्वयन क्षेत्रमा | निरन्तर | |
| १५ | सम्बन्धित निकायमा सिफारिस | परियोजना कार्यान्वयन क्षेत्रका | | २ जना |
| १६ | शैक्षिक सामग्री वितरण | वीरेन्द्रनगर नगरपालिका | | १७ जना |
| १७ | जाजरकोटका भूकम्प पीडितलाई न्यानो कपडा वितरण | प्रदेश अस्पताल सुर्खेत | | २६ जना |

**मुख्य उपलब्धी**

१) कार्यक्षेत्रमा गठित सामुदायिक सुरक्षा जालो संजाल सामुदायिक गतिविधिमा सक्रिय बनेको छ। संजालले सञ्चालन गर्ने सामुदायिक गतिविधिहरुले टोल, समुदायमा फोहोरमैला व्यवस्थापन, बृक्षारोपण जस्ता क्रियाकलापहरुमा सहयोग पुगेको छ

२) मनोसामाजिक हेरचाहा सम्बन्धि ३ दिने तालिममा सहभागीहरुको क्षमता विकाससँगै आफ्नो जीवनलाई चिन्न सकेको प्रतिक्रिया दिएका छन्।

३) विपद् व्यवस्थापन सम्बन्धि ३ दिने तालिममा सहभागी भएका व्यक्तिहरुले विपद्को समयमा आफु कसरी सुरक्षित हुनुपर्छ भन्ने बिषयमा जानकारी प्राप्त गरी व्यवहारमा प्रयोग गरिरहेका छन्।

४) समुदाय स्तरमा संचालित मनोसामाजिक हेरचाहा सम्बन्धि अभिमुखीकरण कार्यक्रमबाट मनोसामाजिक समस्या पहिचान गर्न सक्ने क्षमताको बिकास भएको छ।

५) तनाब व्यवस्थापन, आत्महत्या सम्बन्धि अभिमुखीकरण कार्यक्रमबाट स्वंयम आफु, परिवारका सदस्यको तनाब व्यवस्थापनमा सघाउ पुगेको छ।

६) व्यक्तिगत मनोविमर्शबाट व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन देखा परेको छ।

७) परिवारको आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई विद्यालय शैक्षिक सामग्री वितरण भएको छ। शैक्षिक सामग्री प्राप्त गरेपछि ती विद्यार्थीहरुको विद्यालयमा नियमितता बढेको छ।

८) जागरण एफ.एम.बाट प्रशारण भईरहेको रेडियो कार्यक्रमले समुदायमा मानसिक समस्याबारे चेतनास्तर बृद्धि भएको छ।

## २.१.३ Claiming the Right to Safe Abortion

| **परियोजना/कार्यक्रमको नाम** | **Claiming the Right to Safe Abortion** |
|---|---|
| **आर्थिक सहयोग** | बियोण्ड बेइजिङ कमिटि |
| **कार्यक्षेत्र** | **कर्णाली प्रदेश, सुर्खेत**<br>बराहताल गाउँपालिका र<br>वीरेन्द्रनगर नगरपालिका |
| **अवधी** | अप्रिल २०२३ देखि १५, अक्टुबर २०२३ |
| **लक्षित समुह/वर्ग** | छात्र, छात्रा, अभिभावक स्कुल बाहिरका बालबालिका |
| **लाभान्वित संख्या** | **३५० जना** |
| **बजेट** | **७,५०,००५।१८** |

**परिचय :**

एरोको सहयोगमा बियोन्ड बेइजिङ कमिटी (बीबीसी) नेपालले ‘सुरक्षित गर्भपतनको अधिकार दाबी गर्दैः एशियामा रणनीतिक साझेदारी’ परियोजना कार्यान्वयन गरिरहेको छ । बीबीसीको सहयोगमा सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) ले सुर्खेतमा सुरक्षित गर्भपतनसम्बन्धी कानूनी सचेतनामूलक कार्यक्रम गर्दै आएको छ।

यस कार्यक्रमले सेवा प्रदायक र युवाहरू बीचको कलंक कम गर्न र सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सुरक्षित र कानुनी गर्भपतन सम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने गतिविधिहरू सञ्चालन गरिरहेको छ । यस परियोजनाको उद्देश्य गर्भपतनको कलंक कम गर्न र सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सुरक्षित र कानुनी गर्भपतन सम्बन्धी व्यवहारिक, सही र पूर्ण जानकारी प्रदान गर्नु हो ।

**कार्यक्रम क्षेत्र**

- वीरेन्द्रनगर नगरपालिका- श्री अमरज्योति नमुना उच्च माध्यमिक विद्यालय विनपा १२, श्री राष्ट्रिय चन्द्रगंगा माध्यमिक विधायालय वीनपा ११, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वीनपा ६ सुर्खेत
- बराहताल गाउँपालिका- श्री जनज्योति माध्यमिक विद्यालय, कुनाथरी बराहताल गाउँपालिका सुर्खेत

**कार्यक्रमको उद्देश्य :**

- सेवाप्रदायकहरू र युवाहरू तथा समुदायबीच गर्भपतनसंग सम्बन्धित मिथ्या कम गर्न र सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन ।
- सुरक्षित र कानूनी गर्भपतनसम्बन्धी विस्तृत जानकारी उपलब्ध गराउन ।
- सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सुरक्षित र कानुनी गर्भपतनबारे व्यावहारिक, सही र पूर्ण जानकारी प्रदान गर्नु ।

**कार्यक्रम अर्न्तगत सञ्चालन गरिएका कियाकलापहरु:**

क) वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिकाका चार वटा विद्यालयमा सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी दिन कक्षा सञ्चालन ।

ख) विद्यालयका छात्रछात्राहरुलाई सुरक्षित गर्भपतन अधिकार, कानूनी प्रावधानबारे जानकारी गराउने कक्षा सञ्चालन ।

ग) प्रदेशस्तरका सरोकारवालाहरुलाई सुरक्षित गर्भपतनसँग सम्बन्धित सवालमा बृहत छलफल ।

घ) सुरक्षित गर्भपतन सम्बन्धी महिलाहरुको क्तयचथ क्जबचष्लन कार्यशाला गोष्ठि ।

कार्यक्रमको उपलब्धी

क) कार्यक्षेत्र रहेका विद्यालयका छात्रछात्राहरुले सुरक्षित गर्भपतन सम्बन्धी अधिकार, कानूनी प्रावधानबारे जानकारी पाई अधिकारलाई प्रयोग गर्ने र कानूनी प्रावधानलाई पालना गर्ने प्रतिबद्धता जनाएका छन् ।

ख) वीरेन्द्रनगर नगरपालिकाको विद्यालयमा अध्ययनरत छात्रछात्राहरु अनविज्ञ रहेको स्वास्थ्य समस्याको बारेमा जानकारी पाई घरपरिवार र समुदायमा समेत जानकारी गराउने प्रतिबद्धता जनाएको ।

ग) सरोकारवालाहरमा समेत आत्महत्याका घटना कम गर्नमा यो कार्यक्रम प्रभावकारी रहेको अनुभव बताएको ।

घ) सरकारी स्वास्थ्य संस्थाबाट प्रदान गरिने निशुल्क स्वास्थ्य सेवाबारे जानकारी भई स्वास्थ्य संस्थाबाट सहज रुपमा स्वास्थ्य सेवा लिन थालेको ।

### २.१.४ (पीफ) परियोजना Partners' Investment Fund (PIF)

| | |
|---|---|
| **परियोजना/कार्यक्रमको नाम** | (पीफ) परियोजना **Partners' Investment Fund (PIF)** |
| **आर्थिक सहयोग** | अक्सफाम नेपाल |
| **कार्यक्षेत्र** | सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) |
| **अवधी** | जनवरी २०२४ देखि डिसेम्बर २०२४ |
| **लक्षित समुह/वर्ग** | संस्थागत क्षमता विकास |
| **बजेट** | **२३,५०,०००।-** |

**परियोजनाको परिचय**

अक्सफामले नेपालमा १२ वटा साझेदार संस्थाहरुमार्फत **Partners' Investment Fund** मा काम गरिरहेको छ। तीमध्ये सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत एक हो। वाम अक्सफामको पुरानो साझेदार संस्था हो । अक्सफामले साझेदार संस्थाहरुको क्षमता अभिवृद्धिका लागि केही कोष परिचालन गरेको छ । जसलाई **Partners' Investment Fund** भनिन्छ । यसका केही साझा गतिविधिहरु पनि छन् । कार्यक्रमको वार्षिक समिक्षा, **Project Writeshop, Doner Match making Event, Minimum Operating Guidelines for PIF partners and Organizational Charter** साझा गतिविधिमा पर्दछन्। यस्ता गतिविधिमा सबै साझेदार संस्थाहरु सहभागी हुन्छन्।

**Partners' Investment Fund (PIF)** अन्तर्गत वाम संस्थामा संस्थाको सञ्चार नीति, अनुगमन मुल्यांकन तथा **MEALD guideline** निर्माण, संस्थागत वित्तिय सफ्टवेर विकास, संस्थाको कार्यसमिति र कर्मचारीलाई जेड्सी सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम, गुणस्तरिय परियोजना प्रश्ताव लेखन, लैङ्गिक स्रोत संस्था विकास (पुस्तकालय स्थापना) लगाएतका क्रियाकलाप छन्। संस्थाले सञ्चार तथा अभिलेखीकरण अधिकृत **(Communication and Documentation officer)** नियुक्त गरी **PIF** गतिविधि सञ्चालन गरिरहेको छ ।

**कार्यक्षेत्र**

यो परियोजनाको कार्यक्षेत्र सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) को संस्थागत क्षमता सुदृढिकरण र विकासका लागि संस्थाको कार्यालय अन्तरर्गत रहेको छ।

**कार्यक्रमको उदेश्य**

- सञ्चार नीति र **MEALD** निर्देशिका विकास हुनेछ।
- पाँच वर्षे रणनीतिक योजना र सबै नीतिहरूको मानक संकलन हुनेछ।
- वेबसाइट नियमित अपडेट हुनेछ।
- वामको बोर्ड सदस्यहरू र कर्मचारीहरूले परियोजना प्रस्ताव लेखनमा सक्षम हुनेछन्।

● वाम लैङ्गिक स्रोत संस्थाको रूपमा विकास गरिनेछ ।
● वामको संस्थागत प्रभावको अध्ययन र मूल्याङ्कन गरिनेछ ।
● संगठनको सफ्टवेयरमा वित्तीय प्रणाली विकसित हुनेछ ।
● पुस्तकालय, इतिहास सङ्कलन र भिडियो कागजात उत्पादनले संस्थालाई अभिलेख व्यवस्थापन, लैङ्गिक स्रोत संस्थाको रूपमा विकास गर्न मद्दत गर्नेछ ।
● दक्ष जनशक्ति परिचालन गरी संस्थाले तयार पारेको परियोजना प्रस्तावको मस्यौदालाई अन्तिम रूप दिइनेछ ।

**बजेट (सन २०२४ जनवरीदेखि डिसेम्बरसम्म)**

| क्रियाकलाप | बजेट |
|---|---|
| Minimum Operating Guidelines for PIF partners and Organizational Charter (Common activity): | १,००,०००।- |
| Annual review and reflection & participation in others common activities of PIF (Logistic support for necessary work, transportation and operational.) | १,७५,०००।- |
| Developed communication Policy & MEALD guide-line | ७५,०००।- |
| Compile standard banding of strategic plan, policies/Policies orientation to board & staff member of the organization | ५०,०००।- |
| Developed of organizational finance software | १,६०,०००।- |
| Video documentary and history collection of the organization | १,६०,०००।- |
| TOT on GESI for board & Staff member | १,८०,०००।- |
| Social Audit of the organization | १,५०,०००।- |
| Quality proposal develop | २५,०००।- |
| Developed of the gender resource organization (Library establishment) | ७८,०००।- |
| Communication and Documentation officer(Part time staff) | २,९७,०००।- |
| कुल जम्मा | १४,५०,०००।- |

**परियोजनाबाट प्राप्त उपलब्धी**

- संस्थाको वेवसाइट **www.wam.org.np**
- संस्थाका कार्यसमिति पदाधिकारी र कर्मचारीहरुको इमेलमा एकरुपता (जस्तै, **ed@wam.org.np, hikmat@wam.org.np)**
- संस्थाको आगामी पाँच वर्ष **(2024-2028)** का लागि रणनीतिक योजना निर्माण ।
- संस्थाको वेवसाइड हेरेर विकास साझेदारहरु सम्पर्कमा आई प्रश्तावहरु पेश गर्नका लागि सहज भएको ।
- विपद् व्यवस्थापन पूर्वतयारी योजना **(DPP)** निर्माण ।
- संस्थाको निम्नानुसारका नीतिहरु अद्यावधिक ।

(क) आर्थिक व्यवस्थापन नीति (Financial Management Policy)
(ख) मानव संशाधन व्यवस्थापन नीति (HR Management Policy)
(ग) खरिद नीति (Procurement Policy)

- **तपसिल अनुसारका नीतिहरु नयाँ निर्माण भएको छ ।**

(क) जेड्सी नीति (GEDSI policy)
(ख) सेफगार्डिङ नीति (Safeguarding Policy)

- **संस्थागत पहलमा निर्माण भएका नीति र निर्देशिकाहरु**

(क) पैरवी नीति Advocacy Policy
(ख) लागत बाँडफाँड तथा साझेदारी नीति Cost sharing and partnership policy
(ग) Good governance and anti-fraud policy
(घ) लैङ्गिक हिंसा पीडित, प्रभावितलाई सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशीका (Guideline for providing assistance to victims affected of gender violence)
(ङ) अनुगमन तथा मुल्यांकन नीति (Monitoring and evaluation policy)
(च) यौनजन्य शोषण तथा दुर्व्यवहार विरुद्धको नीति (Policy on Preventing Sexual Exploitation and Abuse)

- नीतिहरु निर्माणले संस्थाको गतिविधि कार्यान्वयनमा एकरुपता आएको ।
- प्रश्ताव लेखनमा सहज भएको ।
- दातृ निकायमा पेश गर्न सहज भइको ।
- अद्यावधिक तथा नयाँ निर्माण भएको नीति र निर्देशिकाहरु कार्यान्वयनमा गएका छन् ।
- संस्थाको प्रभावकारी अभिलेख व्यवस्थापन भएसँगै संस्थाले विकास साझेदार निकाय, दातृ निकायमा विश्सनियता बढेको ।

## आर्थिक वर्ष २०८१/२०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु

**आर्थिक वर्ष २०८१/२०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरुसँग समन्वय गरि सीमान्तकृत वर्ग र समुदायको जीवनस्तर उकास्नका लागि महिला, बालबालिका, युवा, दलित, जनजाती, यौनिक तथा लैङ्गिक अल्पंख्यक लगाएतका समुदाय केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला अधिकार तथा महिला सशक्तिकरणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग साझेदारी गर्ने कार्य गरिनेछ ।

● महिला, किशोरी र बालबालिकाहरुका विभिन्न मुद्दाहरुलाई सम्बन्धित तह, निकाय र सरोकारवालाहरुसम्म पुऱ्याउने कार्य गरिनेछ ।

● स्थानीय, प्रदेश तथा संघीय सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसँग समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

● सीमान्तकृत महिलाहरूको मुद्दामा सशक्त भूमिका निर्वाह गर्न आवश्यक क्रियाकलाप तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

● बियोण्ड बेइजिङ कमिटी र संस्थाको साझेदारीमा सुरक्षित गर्भपतन सम्बन्धी अभियानहरु सञ्चालन गरिनेछ ।

● राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुमा साझेदारीका लागि प्रस्तावना पेश गरिनेछ ।

● कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेशका विभिन्न सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गरि युवा, तथा जेड्सी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

● दैलेख र बैतडी जिल्लामा तेस्रो पक्षिय बित्तिय सहयोग कार्यक्रम मार्फत प्रदान गरिएको अनुदान रकमबाट व्यवसाय सञ्चालन गरेका उद्यमीहरुको व्यवसायको निरन्तर अनुगमन गरिनेछ ।

● युवाहरुलाई स्थानीय तहमा रहेका विभिन्न संरचनाहरु जस्तै सामुदायिक वन, खानेपानी, स्वास्थ्य संस्था समिति, विद्यालय व्यवस्थापन समिति, सहकारीको व्यवस्थापन समिति जस्ता मुख्य पदहरुमा छनौट हुनका लागि सहजीकरण गरिनेछ ।

● लक्षित वर्गहरुलाई कानूनी सहायताका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

● नागरिक आवाजसंगको साझेदारीमा सामुदायिक सुरक्षा जालो कार्यक्रम निरन्तरता दिइनेछ ।

● युरोपियन युनियन र अक्सफानको सहयोगमा सञ्चालित युथ लिड जेसी परियोजना कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

● अक्सफाम नेपालको सहयोगमा संस्थाको संस्थागत सुधारका लागि सञ्चालित पिफ परियोजना निरन्तरता दिँदै कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

● कर्णालीमा कुपोषणबाट प्रभावित महिला तथा बालबालिकाको पोषणस्थिती सुधारका लागि आवश्यक कार्यक्रम/परियोजना सञ्चालनमा पहल गरिनेछ ।

● हिंसा पीडित महिला, बालबालिका, मानसिक रुपमा समस्यामा रहेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

● कर्णालीमा प्राकृतिक विपद्बाट प्रभावित क्षेत्र, घरपरिवार र समुदायमा राहत, उद्धार र पुर्नस्थापनाका लागि आवश्यक पहलकदमीसहित समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

● सार्वजनिक शिक्षालाई गुणस्तरिय र प्रभावकारी बनाउनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था, स्थानीय, प्रदेश र संघीय सरकारसँग समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

● लैङ्गिक स्रोत संस्थाको विकासका लागि आवश्यक कार्य गरिनेछ । संस्थाको केन्द्रीय कार्यालयमा लैङ्गिकमैत्री पुस्तकालय स्थापना गरिनेछ ।

● अक्सफाम नेपालसँगको साझेदारीमा संस्थागत विकास, सीमान्तकृत महिला, युवा तथा किशोरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

● सामाजिक रुपमा रहेका कुसंस्कार, विकृति, विसंगतीका विरुद्ध सरोकारवाला निकायसँग समन्वय, सहकार्य र साझेदारीमा जनचेतनामुलक अभियानहरु सञ्चालन गरिनेछ ।

**प्रस्तुतकर्ता**
**अमृता कुमारी आचार्य**
**महासचिव**

# भाग-३
## आर्थिक प्रतिवेदन

***कोषाध्यक्षको तर्फबाट प्रस्तुत आर्थिक प्रतिवेदन ।***

**सभाध्यक्ष ज्यू,**

प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, मञ्चमा आसिन अतिथिज्यूहरु, उपस्थित विभिन्न संघ संस्थाका पदाधिकारीज्यूहरु, कार्य समितिका साथीहरु, सस्थाका सदस्यज्यूहरु लगायत सम्पूर्ण उपस्थित प्रतिनिधिज्यूहरु, साझेदार संस्थाका प्रतिनिधिज्यूहरु र संस्थाका सम्पूर्ण कर्मचारीहरुमा सीमान्तकृत महिलाहरुको लागि महिला संस्थाले सामाजिक परिक्षण सम्पन्न गरि २७ औं वार्षिक साधारण सभा समेत सम्पन्न गर्न गइरहेको अवसरमा हार्दिक आभार व्यक्त गर्दै मेरा भनाई राख्न चाहन्छु ।

सीमान्तकृत महिलाहरुको लागि महिला संस्थाले नियमित र अनिवार्य रुपमा आफ्नो वार्षिक साधारण सभा गर्ने गरेको छ भने सामाजिक परीक्षण, आन्तरिक लेखा परीक्षण, सार्वजनिक परीक्षण, वार्षिक लेखा परीक्षण जस्ता प्रकियाले संस्थालाई सुशासित र जवाफदेही बनाएका छन । साधारण सभा विगतको मूल्याङ्कन, वर्तमान अवस्थाको चित्रण गर्ने र भावी दिनहरुका लागि मार्गदर्शन गर्ने, संस्थागत सुशासन साथै सदस्य सार्वभौम हुन् भन्ने कुराको अनुभूत गर्ने एउटा महत्वपूर्ण कार्यकारी विशिष्ट तह हो । यस अवसरमा संस्थाको तर्फबाट आर्थिक बर्ष २०८०र८१ आय व्ययको आर्थिक प्रतिवेदन र आगामी आर्थिक वर्ष २०८१र८२ को प्रस्तावित कार्यक्रमको बजेट प्रस्तुत गर्न पाउँदा धेरै खुसी लागेको छ । साथै आभार व्यक्त गर्न चाहन्छु ।

संस्थाको २६ औ साधारण सभा सम्पन्न भएको १ बर्ष पुरा भएको छ । यस अवधिमा यस संस्थाले युरोपियन युनियन र अक्सफामको आर्थिक सहयोगमा युवा नेतृत्वको लागि लैङ्गीक समानता र सामाजिक समावेशीकरण, नागरिक आवाज , वियोङ्ग वेजीङ्ग कमिटि, साझेदारी संस्थागत विकास लगानी कार्यक्रम सञ्चालन भएको जानकारी गराउन चाहन्छु ।

*सभाध्यक्ष ज्यू,*

अब, म यस संस्थाद्धारा सञ्चालन भएका परियोजना तथा कार्यक्रमहरुको आ.वा.२०८०/०८१ को बजेट र खर्चको निम्नानुसार भए गरेको विवरण पेश गर्ने अनुमति चाहान्छु । आय तर्फ आर्थिक वर्ष २०८०/०८१ म यस संस्थाको आय तर्फ कुल बजेट रु. १ करोड ९९ लाख ४६ हजार ९ सय ९ रुपैया र पैसा नब्बे मात्र प्राप्त भएको थियो भने व्यय (खर्च) तर्फ रु. २ करोड ८९ हजार ४ सय ८५ रुपैया र पैसा १ मात्र खर्च भएको छ । साथै डिफीसेट भएको रु. १ लाख ४२ हजार ५ सय ८५ रुपैंया पैसा ७७ रहेकोछ । यसको विस्तृत विवरण लेखा परीक्षण प्रतिवेदनमा रहेको जानकारी गराउन चाहन्छु ।

**जस मध्ये विस्तृत विवरण तपसिलको बुँदागत रहेको छ । यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु ।**

*१. युरोपियन युनियन र अक्सफामको साझेदारीमा सञ्चालित परियोजनाको आ.व.२०८०/०८१ को आय तथा व्यय प्रस्तुत गर्न चाहान्छु ।*

आ.व.२०८०/८१ युवा नेतृत्वको लागि लैङ्गीक समानता र सामाजिक समावेशीकरण परियोजना अन्तर्गत आय तर्फ कुल बजेट रकम रु. १ करोड ६९ लाख ८० हजार ८ सय ५९ रुपैंया ८२ पैसा मात्र प्राप्त भएको

थियो भने विभिन्न शीर्षकमा भएको खर्च तर्फ कूल रकम रु. १ करोड ६९ लाख ८० हजार ८ सय ५९ रुपैँया ८२ पैसा खर्च भएकोछ।

२. अक्सफामको संस्थागत विकास कार्यक्रम अन्तरगत आ.व. २०८०/८१ मा आय तर्फ कुल बजेट रु. ७ लाख १९ हजार ७ सय ६६ रुपैया र ३७ पैसा रहेको छ भने कार्यक्रमको खर्च रु. ७ लाख १९ हजार ७ सय ६६ रुपैया र ३७ पैसा रहेकोछ।

३. नागरिक आवाजको सहयोगमा सामुदायिक सुरक्षा कार्यक्रम अन्तरगत आ.व. २०८०/८१ मा आय तर्फ कुल बजेट रु. २५ लाख ७० हजार ४ सय ७१ रुपैया र ३९ पैसा रहेको छ भने कार्यक्रमको खर्च रु. १३ लाख ९७ हजार २ सय २७ रुपैया र ४७ पैसा भएकोछ। साथै सरप्लस भएको रु. ११ लाख ७३ हजार २ सय ४३ रुपैँया पैसा ९२ रहेकोछ।

४. वियोङ्ग वेजीङ्ग कमिटिको सहयोगमा सञ्चालित कार्यक्रम लागि आ.व. २०८०/०८१ मा आय तर्फ कुल बजेट रु. ७ लाख ५९ हजार ५ सय ९६ रुपैँया र १० पैसा रहेको छ भने कार्यक्रमको खर्च रु.७ लाख ३५ हजार ८ सय ७० रुपैँया र २३ पैसा रहेको छ । साथै सरप्लस भएको रु २३ हजार ७ सय २५ रुपैँया पैसा ८७ रहेकोछ।

५. संस्थाको कोर फण्डमा आ.व. २०८०/०८१ मा आय तर्फ कुल बजेट रु. ५ लाख ३८ हजार ८३ रुपैँया र ९५ पैसा रहेको छ भने कार्यक्रमको खर्च रु.२ लाख ५५ हजार ७ सय ६१ रुपैँया र १२ पैसा रहेको छ । साथै सरप्लस भएको रु.२ लाख ८२ हजार ३ सय २२ रुपैँया पैसा ८३ रहेकोछ।

यो प्राप्त भएको आम्दानीका स्रोत भनेको सदस्य नवीकरण तथा सहयोग र संस्थागत शुभचिन्तकहरुबाट र कम प्राप्त भएको जानकारी गराउन चाहान्छु।

र, वहाँहरुलाई संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट धेरै-धेरै धन्यवाद दिन चाहान्छु। यस्तै सहयोगी मनहरुलाई सहयोग गर्न अझ उत्प्रेरणा होस, यही अपेक्षा राख्दछु।

अव म संस्थाको आ.वा. २०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु। चालु आर्थिक वर्ष २०८१/०८२ को लागि आजको मितिसम्म साझेदार संस्थाहरुको सहकार्यमा सञ्चालित परियोजना तथा कार्यक्मको लागि कूल बजेट रु. ४ करोड २१ लाख ११ हजार ६ सय ४७ रुपैँया र १२ पैसा मात्र प्रस्ताव गरेको छु। साथै संस्थाले यस आर्थिक वर्षको बीचमा पनि परियोजना सम्झौता हुन सक्ने जानकारी गराउँछौं। विभिन्न उद्देश्य मिल्ने परियोजनाको प्रस्ताव राखिने नै छ। अनुमानित बजेटमा थपघट हुन सक्ने जानकारी गराउँदछु।

**जस मध्ये,**

१) युरोपियन युनियन र अक्सफामको आर्थिक सहयोगमा सञ्चालित परियोजनाका आ.व. २०८१र८२ कूल बजेट रु. १ करोड ७ लाख ९३ हजार ६ सय ९३ रुपैया र १२ पैसा प्रस्ताव गरिएकोछ।

२) अक्सफामको संस्थागत क्षमता विकास कार्यक्रम अन्तरगतको आ.व. २०८१/८२ को लागि कुल बजेट रु. १६ लाख ३० हजार २ सय ३३ रुपैया र ६३ पैसा मात्र प्रस्ताव गरिएकोछ।

३) नागरिक आवाजको कार्यक्रम अन्तरगत आ.व. २०८१/८२ का लागि कुल बजेट रु. ३६ लाख २ हजार ७ सय ७२ रुपैया र ५३ पैसा मात्र प्रस्ताव गरिएकोछ ।

४) वियोङ्ग वेजीङ्ग कमिटिको सहयोगमा सञ्चालित कार्यक्रम लागि आ.व. २०८१/०८२ को कुल बजेट रु.१० लाख मात्र प्रस्ताव गरिएको छ ।

५. संस्थाको कोर फण्डमा आ.व. २०८१/०८२ मा प्राप्त भएको रु. ३ लाख प्रस्ताव गरिएको छ ।

स्थानीय पालिका, प्रदेश सरकार, संघ तथा उद्देश्य मिल्ने साझेदार संस्थाहरुसंग साझेदारीमा उल्लेखित अनुमानित रकम माग गरिएकोमा

- अक्सफामको सहयोगमा संस्थागत विकास लगानी कार्यक्रम अन्तरगतको आ.व. २०८१/८२ का कर्णाली

प्रदेशमा सीमान्तकृत युवाहरुका लागि जनचेतना अभिबृद्धिको लागि रु. १ करोड प्रस्ताव गरिएको छ ।

- यु.एन. वुमनमा समावेशी कार्यक्रमका लागि रु. १ करोड ५० लाख प्रस्ताव गरिएको छ ।
- महामारी तथा प्राकृतिक प्रकोपका लागि आपतकालित कार्यक्रमको लागि विभिन्न सहयोगी व्यक्ति तथा निकायहरुबाट आपतकालिन कोष खडा गर्ने रु. ५ लाख प्रस्ताव गरिएको छ ।
- युएसआइडी एकिकृत पोषण कार्यक्रमको लागि रु १ करोड प्रस्ताव गरिएको छ ।
- कर्मचारी क्षमता अभिबृद्धिका लागि विभिन्न संघ संस्थासंग समन्वय गर्नेको लागि रु. ३ लाख प्रस्ताव गरिएको छ ।

सम्पूर्ण परियोजनाहरुको आर्थिक वर्ष २०८०/०८१ को यथार्थ कुल बजेट तथा व्यय विवरण र मौज्दात निम्नानुसार रहेको छ ।

३.१ **कुल बजेट तथा व्यय विवरण र मौज्दात**

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **प्राप्त अनुदान** | **खर्च रकम** | **मौज्दात रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| १. | युवा नेतृत्वको लागि लैङ्गीक समानता र सामाजिक समावेशीकरण | २,७७,७४,५५३।०० | १,६९,८०,८५९।८२ | १,०७,९३,६९३।१८ | ६१.१४% |
| २. | संस्थागत विकास लगानी कार्यक्रम । | २३,५०,०००।०० | ७,१९,७६६।३७ | १६,३०,२३३।६३ | ३०.६३% |
| ३. | नागरिक आवाज कार्यक्रम | ५०,००,०००।०० | १३,९७,२२७।४७ | ३६,०२,७७२।५३ | २७.९५% |
| ४. | वियोङ्ग वेजीङ्ग कमिटि | ७,५०,००५।१८ | ७,४७,३८०।२३ | २,६२४।९५ | ९९.६५% |
| ५. | कोर फण्ड आन्तरिक | ५,३८,०८३।९५ | २५५,७६१।१२ | २,८२,३२२।८३ | ४७.५३% |
| | **जम्मा रकम** | ३,६४,१२,६४२।१३ | २,०१,००,९९५।०१ | १,६३,११,६४७।१२ | ५५.२० % |

### ३.२ आम्दानी र व्ययको विवरण

| विवरण | नोट्स | आ.व. २०८०/८१ | आ.व. २०७९/८० |
|---|---|---|---|
| **आम्दानी तर्फ** | | | |
| आय स्रोतबाट | ४.८ | १,९९,४५,७५२।६६ | १,००,२०,४३४।७३ |
| आन्तरिक व्याज | | १,१५७२४ | ६७१।५८ |
| जम्मा आम्दानी | | १,९९,४६,९०९।९० | १,००,२१,१०६।३१ |
| **खर्च तर्फ** | | | |
| कार्यालय व्यवस्थापन तथा प्रशासनिक | ४.१ | २,५५,७६१।१२ | १९८५७९।८५ |
| कार्यक्रम सञ्चालन तथा कर्मचारीको तलव भत्ता | ४.९ | १,९८,३३,७२३।८९ | ९७,३५,५२९।१८ |
| सम्पत्ति ह्रास कट्टी | | | |
| जम्मा खर्च | | २,००,८९,४८५।०१ | ९९,३४,१०९।०३ |
| मौज्जाद/ व्यालेन्स सरप्लस | | (१,४२,५७५।११) | ८६,९९७२८ |

यस संस्था सामाजिक सेवामा समर्पित गैर नाफामूलक संस्था भएको कुरा विधितै छ । तथापि संस्थालाई जीवन्त राख्न आर्थिक पक्षको आफ्नो छुट्टै महत्व हुन्छ। संस्था नविकरण, कार्यालय संञ्चालन लगाएत सम्पूर्ण प्रशासनिक खर्च हालसम्म संञ्चालित परियोजनाहरुको प्रसाशनिक खर्चवाट संञ्चालन हुँदै आइरहेको छ। भने अपुग खर्चहरु कार्यसमिति र संस्थाका शुभ चिन्तकबाट अगाडि बढाउँदै आएका छां । आगामी दिनमा पनि यस संस्थाले अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय निकाय, बहुपक्षीय निकाय, संघीय प्रदेश तथा स्थानिय सरकारसंग साझेदारी गरी कार्यक्रमहरु संञ्चालन गर्न प्रस्ताव पेश गरिने ब्यहोरा समेत जानकारी गराउँदछु। यस अवधिमा संस्थालाई कार्यक्रम संञ्चालन गर्न आर्थिक, नैतिक र भौतिक रुपले सहयोग पुचाउने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, कर्णाली प्रदेशका सम्वन्धित मन्त्रालयहरु र स्थानीय पालिकाहरु, कार्य समितिका साथीहरु, सल्लाहकारज्यूहरु, लेखासमितिका साथिहरु, बिभिन्न उपसमितिका साथिहरु, सम्पूर्ण सदस्यज्यूहरु प्रति आभार ब्यक्त गर्दछु साथै कार्यकारी निर्देशक तथा सम्पूर्ण कर्मचारीहरुप्रति धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा पनि अझै प्राथमिकताका साथ साझेदारी र सहकार्यमा सम्बन्धित सबै निकायहरु, व्यक्तित्वहरुको निरन्तरता रहने कुरामा विश्वस्त छु।

साथै आ.वा. २०८०र०८१ को विस्तृत आय व्ययको विवरण संस्थाको लेखा परीक्षणमा समावेश गरिएकोले संक्षिप्त बुँदागत रुपमा प्रस्तुत गरेको अवगत गराउन चाहन्छु। यो संक्षिप्त आर्थिक प्रतिवेदन भएकाले थप प्रष्ट र विस्तृत आय व्ययको विवरणहरु लेखा परीक्षण प्रतिवेदनलाई अध्ययन गर्न हार्दिक अनुरोध समेत गर्दछु। आगामी दिनमा यहाँहरुबाट अमुल्य सल्लाह-सुझावको अपेक्षा सहित यो आर्थिक प्रतिवेदन यहाँहरु समक्ष पेश गर्दछु।

**धन्यवाद ।**

**माया नेपाली**
**कोषाध्यक्ष**
**सीमान्तकृत महिलाहरुको लागि महिला संस्था (वाम)**

## ३.३ लेखा परीक्षण प्रतिवेदन (आर्थिक वर्ष २०८०/०८१)

**Women Association for Marginalized Women (WAM)**
**Birendranagar, Surkhet**
**STATEMENT OF FINANCIAL POSITION**
**As at Ashadh 31, 2081 (July 15 2024**

| Assets | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Non - Current Assets** | | | |
| Property, Plant and Equipment | 4.1 | 10,942,604.00 | - |
| Long Term Investments | | - | - |
| **Total Non - Current Assets** | | **10,942,604.00** | **-** |
| | | | |
| **Current Assets** | | | |
| Accounts Receivable | 4.2 | 106,131.29 | 57,258.18 |
| Cash and Cash Equivalents | 4.3 | 1,540,911.25 | 807,315.94 |
| **Total Current Assets** | | **1,647,042.54** | **864,574.12** |
| | | | |
| **Total Assets** | | **12,589,646.54** | **864,574.12** |

| Liabilities & Reserves | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Accumulated Reserves** | | | |
| Unrestricted Funds/Accumulated Surplus | 4.4 | 11,140,526.83 | 424,897.94 |
| Restricted Funds | 4.5 | 1,196,969.79 | 183,029.01 |
| Capital Reserve | 4.6 | 84,400.00 | - |
| Designated Fund | | | |
| (Disaster Management Fund) | | 28,800.00 | |
| **Total Accumulated Reserves** | | **12,450,696.62** | **607,926.95** |
| | | | |
| **Non - Current Liabilities** | | | |
| Deferred Revenue | | - | - |
| Other Non - Current Liabilities | | - | - |
| **Total Non - Current Liabilities** | | **-** | **-** |
| | | | |
| **Current Liabilities** | | | |
| Accounts Payable | 4.7 | 138,949.92 | 256,647.17 |
| Provisions | | - | - |
| **Total Current Liabilities** | | **138,949.92** | **256,647.17** |
| | | | |
| **Total Liabilities** | | **138,949.92** | **256,647.17** |
| | | | |
| **Total Liabilities and Reserves** | | **12,589,646.54** | **864,574.12** |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Madhurani Dhakal
Executive Director

Devi Paudel
Chairman

CA Srijana Tiwari
Tiwari S. & Associates,
Chartered Accountants

**Women Association for Marginalized Women (WAM)**
**Birendranagar, Surkhet**
**Statement of Income and Expenditure**
**For the Year Ended on Ashadh 31, 2081 (July 15, 2024)**

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 4.8 | 19,945,752.66 | 10,020,434.73 |
| Financial Income (Interest) | | 1,157.24 | 671.58 |
| **Total Income** | | **19,946,909.90** | **10,021,106.31** |
| **EXPENDITURE** | | | |
| Program Expenses | 4.9 | 19,833,723.89 | 9,735,529.18 |
| General Administrative Expenditure | 4.1 | 255,761.12 | 198,579.85 |
| Depreciation | | - | - |
| **Total Expenditure** | | **20,089,485.01** | **9,934,109.03** |
| **Net Surplus/(Deficit) Before Taxation** | | **-142,575.11** | **86,997.28** |
| Income Tax Expenses | | | |
| **SURPLUS/(DEFICIT) FOR THE YEAR** | | **-142,575.11** | **86,997.28** |
| **APPROPRIATION OF SURPLUS FOR THE YEAR** | | | |
| **Allocation to Reserves** | | **-142,575.11** | **86,997.28** |
| Allocation to Endowment Fund | | - | - |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Madhurani Dhakal
Executive Director

Devi Paudel
Chairman

CA Srijana Tiwari
Tiwari S. & Associates,
Chartered Accountants

Tiwari S. & Associates, Kathmandu Nepal, Chartered Accountants

## Women Association for Marginalized Women (WAM)
## STATEMENT OF CASH FLOWS
### For the Year Ended on Ashadh 31, 2081 (July 15, 2024)

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **CASH FLOWS FROM OPERATING ACTIVITIES** | | |
| Surplus/(Deficit) for the Year (Before Tax) | (142,575.11) | 86,997.28 |
| **Adjustment to Reconcile Surplus/(Deficit) to Net Cash Flows** | | |
| **Non - Cash Items :** | | |
| Depreciation and Impairment of Property, Plant and Equipment | - | - |
| Amortization and Impairment of Intangible Assets | - | |
| Changes in Restricted Reserves | 1,013,940.78 | (2,306,742.20) |
| Changes in Designated Fund | 28,800.00 | - |
| Change in Unrestricted Reserves | | - |
| Provision and Losses on Inventories | - | - |
| Gains from Disposal of Fixed Assets | - | - |
| **Working Capital Adjustments :** | | |
| Accounts Receivable | (48,873.11) | 29,387.82 |
| Prepayments | - | |
| Inventories | - | |
| Accounts Payable | (117,697.25) | 158,419.99 |
| Accrued Expenses and Deferred Income | - | |
| **Less :** | | |
| Income Tax Paid | - | |
| Interest Paid | - | |
| **Net Cash from/(Used in) Operating Activities** | **733,595.31** | **(2,031,937.11)** |
| **CASH FLOWS FROM INVESTING ACTIVITIES** | | |
| Purchase of Property, Plant and Equipment | - | - |
| Purchase of Intangible Assets | - | - |
| Proceeds from Sale of Equipment | - | - |
| Interest Received | - | - |
| **Net Cash from/(Used in) Investing Activities** | - | - |
| **CASH FLOWS FROM FINANCING ACTIVITIES** | | |
| Borrowing of Government Loans | - | |
| Repayment of Government Loans | - | |
| **Net Cash from/(Used in) Financing Activities** | - | |
| **NET INCREASE/(DECREASE) IN CASH AND CASH EQUIV** | **733,595.31** | **(2,031,937.11)** |
| **CASH AND CASH EQUIVALENTS AT Shrawan 01, 2080** | **807,315.94** | **2,839,253.05** |
| **CASH AND CASH EQUIVALENTS AT Ashadh 31, 2081** | **1,540,911.25** | **807,315.94** |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Madhurani Dhakal
Executive Director

Devi Paudel
Chairman

CA Srijana Tiwari
Tiwari S. & Associates,
Chartered Accountants

**Women Association for Marginalized Women (WAM)**
**STATEMENT OF CHANGES IN RESERVES**
**For the Year Ended on Ashadh 31, 2081 (July 15, 2024)**

| Description | Restricted Reserves | Designated Fund | Unrestricted Reserves | Endowment Funds | Capital Reserves | Result For the Year | Total |
|---|---|---|---|---|---|---|---|
| **Balance as at Shrawan 01, 2079** | **2,489,771.21** | - | **337,900.66** | - | - | - | - |
| Result for the Year | (2,306,742.20) | | | | 84,400.00 | 86,997.28 | (2,135,344.92) |
| Allocation of Results to Restricted Reserves | | | | | | | - |
| Allocation of Results to Designated Fund | | | | | | | - |
| Allocation of Results to Unrestricted Fund | | | 86,997.28 | | | (86,997.28) | - |
| Allocation of Results to Endowment Fund | | | | | | | - |
| Allocation of Results to Capital Fund | | | | | | | - |
| **Balance as at Shrawan 01, 2080** | **183,029.01** | - | **424,897.94** | - | **84,400.00** | - | **(2,135,344.92)** |
| Result for the Year | **1,013,940.78** | **28,800.00** | | | | **(142,575.11)** | **(142,575.11)** |
| Adjustment due to fixed asset recognition | | | **10,858,204.00** | | | | |
| Allocation of Results to Restricted Reserves | | | | | | | |
| Allocation of Results to Designated Fund | | | | | | | |
| Allocation of Results to Unrestricted Fund | | | **(142,575.11)** | | | **142,575.11** | |
| Allocation of Results to Endowment Fund | | | | | | | |
| Allocation of Results to Capital Fund | | | | | | | |
| Additional Restricted fund received during the period | **1,196,969.79** | | | | | | |
| **Balance as at Shrawan 01, 2081** | **1,196,969.79** | **28,800.00** | **11,140,526.83** | | **84,400.00** | - | **12,450,696.62** |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Madhurani Dhakal
Executive Director

Devi Paudel
Chairperson

CA Srijana Tiwari
Tiwari S. & Associates
Chartered Accountants

Tiwari S. & Associates * Chartered Accountants * Kathmandu Nepal

**Women Association for Marginalized Women (WAM)**
**STATEMENT OF CHANGES IN RESERVES**
**For the Year Ended on Ashadh 31, 2081 (July 15, 2024)**

| Description | Restricted Reserves | Designated Fund | Unrestricted Reserves | Endowment Funds | Capital Reserves | Result For the Year | Total |
|---|---|---|---|---|---|---|---|
| ***Balance as at Shrawan 01, 2079*** | **2,489,771.21** | - | **337,900.66** | - | - | - | - |
| Result for the Year | (2,306,742.20) | | | | 84,400.00 | 86,997.28 | (2,135,344.92) |
| Allocation of Results to Restricted Reserves | | | | | | | - |
| Allocation of Results to Designated Fund | | | | | | | - |
| Allocation of Results to Unrestricted Fund | | | 86,997.28 | | | (86,997.28) | - |
| Allocation of Results to Endowment Fund | | | | | | | - |
| Allocation of Results to Capital Fund | | | | | | | - |
| **Balance as at Shrawan 01, 2080** | **183,029.01** | - | **424,897.94** | - | **84,400.00** | - | **(2,135,344.92)** |
| Result for the Year | **1,013,940.78** | **28,800.00** | | | | **(142,575.11)** | **(142,575.11)** |
| Adjustment due to fixed asset recognition | | | **10,858,204.00** | | | | |
| Allocation of Results to Restricted Reserves | | | | | | | |
| Allocation of Results to Designated Fund | | | | | | | |
| Allocation of Results to Unrestricted Fund | | | **(142,575.11)** | | | **142,575.11** | |
| Allocation of Results to Endowment Fund | | | | | | | |
| Allocation of Results to Capital Fund | | | | | | | |
| Additional Restricted fund received during the period | **1,196,969.79** | | | | | | |
| **Balance as at Shrawan 01, 2081** | **1,196,969.79** | **28,800.00** | **11,140,526.83** | | **84,400.00** | - | **12,450,696.62** |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Madhurani Dhakal
Executive Director

Devi Paudel
Chairperson

CA Srijana Tiwari
Tiwari S. & Associates
Chartered Accountants

Tiwari S. & Associates Chartered Accountants Kathmandu Nepal

# भाग-४
## सफलताको कथा र तस्बिर

# कुखरापालन व्यवसायः संघर्षबाट सफलतातर्फ



कौशिला बुढा दैलेखको डुङ्गेश्वर गाउँपालिका-६ को माथिल्लो डुङ्गेश्वर बजारमा बस्नुहुन्छ । कौशिलाको ६ जनाको परिवार छ । सामान्य परिवारमा जीवनयापन गर्दै आउनुभएकी कोशीलाले २० वर्षको उमेरमै विवाह गर्नुभयो । मिलनसार स्वभावकी कौशिला गाउँ समाजमा मेहनती र लगनशिल महिलाको रुपमा परिचित हुनुहुन्छ । विवाहपछि परिवारको जिम्मेवारी सम्हाल्दै आउनुभएकी कौशिलाले विवाह अघि कक्षा १२ सम्मको पढाई पुरा गर्नुभएको थियो । विवाहपछि उहाँले परिवारको आर्थिक अवस्थाका कारण पढाईलाई निरन्तरता दिन सक्नुभएन् । परिवारमा धेरै सदस्य भएका कारण कौशिलालाई विहान साँझको छाक टार्न निकै मुस्किल पर्थ्यो । चुलोचौको, दाउरा घाँस र घरपरिवारको रेखदेखमै उनको दिनचर्या बित्यो ।

कौशिलाले परिवारको खर्चको जोहो गर्ने उपायको खोजी गर्न थाल्नुभयो । पढाईलाई निरन्तरता दिन नसकेपनि कुनै व्यवसाय सञ्चालन गर्ने योजना उहाँको थियो । त्यसैबेला सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) कौशिलाका लागि बरदान सावित भयो । उहाँले गाउँमा वित्तिय साक्षरता कक्षा सञ्चालन हुन लागेको थाहा पाउनुभयो । युरोपियन युनियन र अक्सफामको आर्थिक सहयोगमा वामले सञ्चालन गरेको यूथ लिड जेशी परियोजनाले सञ्चालन गरेको तीन महिने वित्तिय साक्षरता कक्षामा सहभागी हुने अवसर कौशिलाले पाउनुभयो । उहाँ कक्षामा नियमित सहभागि हुनुहन्थ्यो । साथीहरुलाई पनि नियमित सहभागि हुन प्रेरित गर्नुहुन्थ्यो । कक्षाको व्यवस्थापन समितिको अध्यक्ष

पनि कौशिला नै बन्नुभयो । कक्षाबाट उहाँले वित्तिय साक्षरतासँगै जीवन जीउने आधार, लैङ्गिक हिंसा र समाधानको उपाय लगाएतका जीवनउपयोगी सिप पाउनुभयो ।

कक्षामा छलफल भएको विषयले आफ्नो क्षमता विकास भएको उहाँ बताउनुहुन्छ । कक्षामा सहभागि भएपछि जीवनमा केहि गर्छु भन्ने आँट उहाँमा आयो । साक्षरता कक्षा समापन भएपछि वामले तेस्रो पक्षिय वित्तिय सहयोग कार्यक्रम अर्न्तगत विभिन्न व्यवसाय सञ्चालनका लागि आवेदन माग गर्‍यो । उहाँले कुखुरापालन व्यवसाय सञ्चालनका लागि आवेदन दिनुभयो । छनौट पनि हुनुभयो ।

संस्थाले उहाँलाई कुखुरापालन व्यवसाय सञ्चालन गर्न रु एक लाख रुपैयाँ सहयोग उपलब्ध गरायो । त्यसपछि उहाँले डुङ्गेश्वर बजारमा कुखुरापालन व्यवसाय सञ्चालन गर्ने निधो गर्नुभयो । पहिलो किस्ताको रकमबाट उहाँले कुखुराको खोर निर्माण गर्नुभयो । त्यसपछि उहाँले पहिलो पटक १०० वटा कुखुराका चल्ला खोरमा हाल्नुभयो । उहाँले पहिलो पटक पालेको कुखुराबाट १४३ केजी ३०० रुपैयाँका दरले बिक्री गरेर ४२,९००।- रुपैयाँ आम्दानी गर्नुभयो । दोस्रो पटक पनि १०० वटा कुखुरा पाल्नुभएकी कौशिलाले १८४ केजी ३०० का दरले बिक्री गरेर ५८२००।- आम्दानी गर्नुभयो ।

कुखुरापालन व्यवसायबाट राम्रो आम्दानी दिईरहेको कौशिला बताउनुहुन्छ । आफ्नो व्यवसायलाई दर्ता गरिसक्नुभएकी कौशिला भन्नुहुन्छ 'व्यवसायबाट घर व्यवहार चलाउन र छोराछोरीलाई पढाई खर्च जुटाउन सजिलो भएको छ ।' कुखुरापालन व्यवसायबाट भविष्यको लागी बचत गर्ने बानीको विकास भएको उहाँ बताउनुहुन्छ । कौशिलाका श्रीमान हाल वैदेशिक रोजगारीको शिलशिलामा मलेसीयामा हुनुहुन्छ । कुखुरा पालन व्यवसाय फस्टाउन थालेपछि श्रीमानलाई घर बोलाएर व्यवसाय विस्तार गर्ने योजना उहाँको छ । उहाँले हाल तिनवटा वित्तिय संस्थाहरुमा दैनिक ५०० भन्दा बढि रकम बचत गर्नुहुन्छ । 'अहिले म जस्ता अन्य महिलाहरुलाई पनि व्यवसाय सम्बन्धि सिकाईरहेको छु, आर्थीक अवस्था कमजोर भएका एकल महिलाहरुलाई ज्ञान सिप बाँडिरहेको छु, मलाई आत्मबिश्वास बढाई यो अवस्थामा आउन सक्षम बनाउने वाम संस्थालाई हो,' उहाँले भन्नुभयो ।

# कुखुरापालन व्यवसाय लोभलाग्दो आम्दानी



भगवतीमाई गाउँपालिका-४ निवासी जीतबहादुर नेपाल हाल २० वर्ष पुग्नुभयो । उहाँको ८ जनाको परिवार छ । सामान्य परिवारमा जन्मिनुभएका जीतबहादुरले १८ वर्षको कलिलो उमेरमा विवाह गर्नुभयो । विवाहपछि परिवारको सम्पूर्ण जिम्मेवारी उहाँको काँधमा आईपऱ्यो । विवाहअघि उनले कक्षा १० सम्मको पढाई सक्नुभएको थियो । विवाहपछि उहाँले पढाईलाई निरन्तरता दिन सक्नुभएन् । ठूलो परिवार, त्यसमा पनि घरको जेठो छोरा । घरपरिवारको खर्चदेखि भाईबहिनीको पढाई खर्च जुटाउनुपर्ने जिम्मेवारी उहाँको काँधमा थियो । यी सबै जिम्मेवारीकाबीच उहाँले आम्दानीको स्रोत खोज्न थाल्नुभयो । उहाँले नेपाली सेनामा जागिर खान थुप्रै पटक प्रयास गर्नुभयो । तर, सफल भने हुन सक्नुभएन् । परिवार संख्या ठूलो भएका कारण उहाँलाई घरखर्च चलाउन थप चुनौती आईपऱ्यो । बिहान साँझको छाक टार्न समेत धौ-धौ पर्न थाल्यो । उहाँको एक छोरा पनि छन् ।

गाउँघरमा जसोतसो घरपरिवारको खर्च चलाईरहनुभएका जीतबहादुरले गाउँमा साक्षरता कक्षा सञ्चालन हुन लागेको थाहा पाउनुभयो । यूरोपियन यूनियन र अक्फामको आर्थीक सहयोगमा सीमान्तकृत महिलाहरुका लागी महिला संस्था (वाम) ले सञ्चालन गरेको यूथ लिड जेशी परियोजनाले ३ महिने वित्तिय साक्षरता कक्षा सन्चालनको गरेको थियो । सोहि कक्षामा उहाँले सहभागि हुने मौका पाउनुभयो । उहाँ उक्त कक्षामा नियमित सहभागि हुनुभयो । कक्षाबाट उहाँले वित्तिय साक्षरतासँगै जीवन जीउने आधार, लैङ्गिक हिंसा र समाधानको उपाय लगाएतका जीवनउपयोगी सिप पाउनुभयो ।

तीन महिने साक्षरता कक्षापछि संस्थाले तेस्रो पक्षीय वित्तिय सहयोग कार्यक्रम मार्फत विभिन्न व्यवसायको लागी आवेदन खुलायो । उहाँले कुखुरापालन व्यवसायमा आवेदन पेश गर्नुभयो । छनौटमा पनि पर्न सफल हुनुभयो । उहाँले संस्थाबाट वित्तिय सहयोग कार्यक्रम अर्न्तगत ३ लाख रुपैँया पाउनुभयो ।  त्यसपछि उहाँले कुखुरापालन व्यवसाय सुरु गर्नुभयो । पहिलो किस्ताको रकमबाट उहाँले कुखुराको खोर निर्माण गर्नुभयो । बाँकी रकमबाट २०० वटा कुखुराका चल्ला खरिद गरेर पाल्नुभयो । हाल कुखुरापालनसँगै हेयर कटिङ्ग व्यवसायमा सक्रिय रहनुभएका जीतबहादुरले लोभलाग्दो आम्दानी गरिरहनुभएको छ । उहाँले बित्तिय साक्षरता कक्षापाएपछि हेयर कटिङ्ग व्यवसायपनि चलाउनुभएको हो ।

'कुखुरापालन र हेयर कटिङ्ग व्यवसायलाई सँगसँगै अघि बढाएको छु, गाउँमै व्यवसाय गरेर राम्रो आम्दानी भईरहेको छ, घरपरिवारको खर्च चलाउन धेरै सजिलो भएको छ,' उहाँले भन्नुभयो । व्यवसायबाट भएको आम्दानीले भाईबहिनी र छोराको पढाई खर्च सहज रुपमा धानिएको उहाँको भनाई छ । 'मेरो व्यवसायले घरपरिवारमा खुसी छाएको छ, बुबाआमापनि सन्तुष्ट हुनुहन्छ,' उहाँले भन्नुभयो 'यस्तो व्यवसाय छोडेर लाहुरे हुने मन पनि विस्तार मर्दै गयो ।' उहाँले व्यवसायबाट भएको आम्दानीबाट स्थानीय मनघर सहकारी संस्थामा मासिक बचत गरिरहनुभएको छ । उहाँले आर्थीक अवस्था कमजोर भएका एकल महिला, सीमान्तकृत समुदायलाई ज्ञान सिप र अनूभव बाँडिरहनुभएको छ ।


धमाका राष्ट्रिय | अन्तिम पृष्ठ

## कार्यसमिति र कर्मचारीलाई जेड्सीको प्रशिक्षक प्रशिक्षण तालिम


## बैतडीमा युवा तथा महिला व्यवसायीहरुका लागिलाई ३ दिने उद्यमशिलता विकास तालिम सम्पन्न

स्टार बुलेटिन

# विदेश जानबाट रोकिनुभयो निर्मलाको श्रीमान



डुङ्गेश्वर गाउँपालिका-६ बस्दै आउनुभएकी निर्मला थापा राना उमेरले २६ वर्ष पुग्नुभयो । हाल उहाँको ६ जनाको परिवार छ। १६ वर्षको कलिलो उमेरमै विवाह गर्नुभएकी निर्मलाले घरपरिवारको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ। उहाँको परिवारमा सासुससुरा, श्रीमान एक छोरा र एक छोरी हुनुहुन्छ। विवाहअघि कक्षा १० सम्म अध्ययन गर्नु भएकी निर्मलाले विवाहपछि पारिवारिक अवस्थाका कारण पढाईलाई निरन्तरता दिन सक्नुभएन् । परिवारको आर्थिक अवस्था कमजोर भएका कारण निर्मलाको परिवारलाई विहान साँझको छाक टार्न मुस्किल पर्थ्यो । दैनिक ज्यालामजदुरीको कमाईले निर्मलाको परिवारको खर्च चल्थ्यो । मजदुरीको काम नपाए छाक टार्न मुस्किल पर्थ्यो । परिवारको खर्च चलाउन धौ-धौ पर्न थालेपछि निर्मलाले श्रीमान लोकेन्द्र बहादुर रानालाई वैदेशिक रोजगारीका लागि पठाउने निधो गर्नुभयो ।

त्यति नै बेला उहाँले गाउँमा व्यवसाय र बित्तिय कारोबार सम्बन्धी कक्षा सञ्चालन हुन लागेको थाहा पाउनुभयो । युरोपियन युनियन र अक्सफामको आर्थीक सहयोगमा सीमान्तकृत महिलाहरुका लागी महिला संस्था (वाम) ले सञ्चालन गरेको युथ लिड जेशी परियोजनाले ३ महिने वित्तिय साक्षरता कक्षा सञ्चालनमा ल्याएको थियो । सोहि कक्षामा निर्मलाले सहभागि हुने अवसर पाउनुभयो । कक्षामा निर्मलाले बित्तिय साक्षरता कक्षासँगै जीवनउपयोगी सिप तथा लैङ्गिक हिंसा र समाधानका उपायहरुबारे ज्ञान र सिप पाउनुभयो । 'साक्षरता कक्षामा सहभागि हुने विषयले मेरो क्षमता अभिबृद्धिमा सहयोग पुग्यो, कक्षाले केहि गर्ने आँट पनि दियो,' निर्मलाले भन्नुभयो ।

बित्तिय साक्षरता कक्षा सकिए लगत्तै संस्थाले तेस्रो पक्षिय बित्तिय सहयोग कार्यक्रमका लागि विभिन्न व्यवसायका लागि आवेदन माग्यो । निर्मलाले होटल व्यवसाय सञ्चालन गर्न आवेदन दिनुभयो, छनौट पनि भयो । बित्तिय सहयोग कार्यक्रमबाट उहाँले तीन लाख रुपैयाँ सहयोग पाउनुभयो । बित्तिय सहयोग कार्यक्रमबाट प्राप्त रकमबाट सामग्री खरिद लगाएतका कार्य सकेर उहाँले होटल सुरु गर्नुभयो । होटलबाट मनग्य आम्दानी भईरहेको उहाँको भनाई छ ।

'होटल व्यवसायबाट राम्रो आम्दानी भईरहेको छ, रोजगारीका लागि विदेश पठाउनलाई तम्तयार हुनुभएको श्रीमान यहिँ रोकिनुभयो, दुबै जना मिलेर होटल चलाईरहेका छौं,' उहाँले भन्नुभयो । होटलबाट दैनिक ५ हजार बराबरको कारोबार भईरहेको छ । व्यवसायबाट खुद आम्दानी मासिक १५ हजार भएको उहाँ बताउनुहुन्छ । होटल व्यवसायबाट घर व्यवहार चलाउन र छोराछोरीलाई पढाउन धेरै सजिलो भएको निर्मलाको भनाई छ । होटल व्यवसाय सुरु गरेपछि भविष्यको लागी बचत गर्ने बानीको विकास भएको छ । उहाँले दुई वटा वित्तिय संस्थाहरुमा दैनिक जम्मा ६ सय भन्दा बढि बचत गरिरहनुभएको छ ।

# तस्बिरमा वाम





# तस्बिरमा वाम













# टिप्पणी तथा सुझावका लागि




